जनकपुर टुडे
Janakpur Today Daily
छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३१९ • २०८३ साल बैशाख ५ गते शनिवार (18 April, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५१-

# १०० रुपैयाँ सीमाको कडाइले सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत खुला सीमा नाकाहरूमा भन्सार प्रशासन र सुरक्षा निकाय निकै कठोर बनेपछि तराई-मधेशमा रोटीबेटीको सम्बन्धदेखि किनमेलमा पनि नेपालीहरु सास्ती भोग्न बाध्य भएका छन् ।

साना किनमेल तथा घरायसी प्रयोजनका सामानमा अघोषित रूपमा भन्सार छुट पाउँदै आएका सर्वसाधारणलाई लक्षित गर्दै सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार तिर्नुपर्ने नियम कडाइका साथ लागु गरेको छ ।

मधेश प्रदेशको सप्तरीदेखि पर्सासम्मको सीमा नाकामा कडाइ गरेपछि सर्वसाधारणहरु सास्ती भोग्न बाध्य भएका छन् ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र साह नेतृत्वको सरकारले एकतर्फी रूपमा सीमानाकामा लागु गरेको कठोर नीति र भारतीय नम्बर प्लेटका सवार साधनमा लगाइएको प्रतिबन्धका कारण मधेशका जिल्लाहरूमा भने ठूलो समस्या उत्पन्न भएको छ । जसले सीमावर्ती क्षेत्रका जनतालाई दैनिक गतिविधिमै समस्या भएको छ ।

काठमाण्डुको निर्णयले मधेशको भुइँतहको जनजीवनलाई बेवास्ता गरेको भन्दै विभिन्न राजनीतिक दल, नागरिक अगुवा र स्थानीय बासिन्दाले समेत तीव्र असन्तुष्टि पोख्न थालेका छन् ।

पूर्वदेखि पश्चिमसम्मका सीमानाकाहरूको दृश्य असामान्य र तनावपूर्ण बन्दै गएको देखिन्छ । जटही सीमानाका हुँदै विवाहका लागि सामान ल्याउँदै गरेको अवस्थामा एक महिलालाई सुरक्षानिकायले उक्त सामग्रीको मूल्य बराबरको भन्सार तिर्नुपर्ने बाध्यकारी अवस्था सृजना गरेपछि ती महिला भारतको सीमापारमै अलपत्र परेकी थिइन् ।

नेपाल-भारतमा सदियौँदेखि धार्मिक तथा सांस्कृतिक परम्परा रहिआएको छ । तर सरकारले धार्मिक तथा सांस्कृतिकमाथि नै धावा बोल्दा रोटी-बेटीको सम्बन्धमा पनि दरार उत्पन्न हुने टिप्पणी हुन थालेको छ । यसले गर्दा बालेन साह नेतृत्वको सरकारको कडा आलोचनासमेत हुन थालेको छ ।

## नक्कली नोटको बढ्दो कारोबार

# व्यापारी, उपभोक्ता, बैंक तथा वित्तीय संस्थाबीच विश्वासमा जोखिम

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमावर्ती क्षेत्रमा पछिल्ला केही समययता नक्कली नोटको कारोबार तीव्र रूपमा बढ्दै गएको छ । केही दिन अघि नै रुपन्देही जिल्लामा नक्कली नोटसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको थियो । त्यस्तै सर्लाहीमा पनि केही साताअघि नक्कली नोटसहित प्रहरीले केही व्यक्तिलाई पक्राउ गरेको थियो । यसरी नक्कली नोटसहित पक्राउ पर्न थालेपछि सचेतना अभियानको आवश्यकता अझै पनि रहेको स्थानीय व्यवसायीहरु बताउन थालेका छन् ।

यस अघि नेपाल राष्ट्र बैंकले नक्कली नोटसम्बन्धी गम्भीर चासो व्यक्त गर्दै मधेश प्रदेशको विभिन्न जिल्लामा जाली नोट पहिचान सम्बन्धी सचेतनामूलक अभियान नै सञ्चालन गरेको थियो ।

नेपाल राष्ट्र बैंक जनकपुर शाखाले केही साता अघि सिरहा, महोत्तरी, पर्सालगायतका जिल्लामा नक्कली नोट पहिचान, वित्तीय ठगी तथा साइबर अपराधबाट बच्ने उपायबारे जानकारी गराएको थियो ।

नेपाल-भारत सीमावर्ती बजारहरूमा स्थानीय व्यापारी, युवा रोजगारविहीन नागरिक र भारतीय दलालहरू समावेश रहेर चलाएको नक्कली नोटको सञ्जालका कारण सामान्य नागरिकदेखि अर्थतन्त्रसम्म प्रत्यक्ष असर परेको देखिन्छ ।

पछिल्ला महिनाहरूमा मोरङ, झापा, पर्सा, बारा, रौतहट, सर्लाही, सिरहालगायतका सीमावर्ती जिल्लामा नक्कली नोटसहित नेपाली र भारतीय नागरिकहरू पक्राउ परेका थिए । सुरक्षा एजेन्सीले दिएको जानकारी अनुसार अधिकांश पक्राउ परेकाहरू मध्ये कोही कुरियर वा वितरणकर्ता तहमा संलग्न रहेका छन् । तर नक्कली नोटको संजालको मुख्य स्रोत भने अझैसम्म



खुलिसकेको छैन । सीमावर्ती बजारमा नक्कली नोटको फैलावटले व्यापारी, उपभोक्ता, बैंक तथा वित्तीय संस्थामा विश्वास र वित्तीय जोखिम बढ्दै गएको छ ।

सुरक्षानिकायको अनुसन्धानले देखाए अनुसार नक्कली नोट मुख्यतया भारतको विहारस्थित मुज्जफरपुरलगायतका केही सहरमा छापिन्छ र त्यसपछि सो नोट लिएर साना समूहमा विभाजित भइ उनीहरु नेपाल ल्याउने गरेका छन् । स्थानीय दलालहरूले बस, ट्रक, मोटरसाइकल प्रयोग गरी ती नक्कली नोट सीमावर्ती क्षेत्रबाट भित्र्याउने गरेका छन् । स्थानीय व्यापारी र ठेलावालामार्फत बजारमा वितरण गर्ने गरेको उनीहरुको दाबी छ । ती नक्कली नोट फिर्ता वा साना कारोबारमा मिसाएर वास्तविक नोट साट्ने गरेको पाइएको छ ।

साना नोटहरू बजारमा फैलिनुले सामान्य नागरिक र व्यापारीलाई आर्थिक र सामाजिक तनाव उत्पन्न भएको देखिन्छ । पर्साका एक ठेलावालले नक्कली नोट फेला पारेको ग्राहकसंग विवाद भएको बताउँदै उनले नक्कली नोटबारेमा आमजनमै विश्वासको कमी बजारमै देखिएको अनुभव सुनाए ।

नेपाल-भारत सीमा क्षेत्रमा नक्कली नेपाली नोटको अवैध कारोबार मात्रै आर्थिक अपराध नभएर सामाजिक र सुरक्षा चुनौती पनि रहेको ठम्याइ छ । दुवै देशको सहकार्य, सुरक्षा निगरानी, र नागरिक सचेतना मजबुत बनाउन सकिए सो समस्या नियन्त्रणमा आउन सक्ने अर्थविद्को दाबी छ ।

नेपाली मुद्रा प्रणालीलाई सुरक्षित र विश्वासयोग्य बनाउन नेपाल राष्ट्र बैंकले नेपाली नोटमा रहेका सक्कली र नक्कली नोट छुट्याउने विभिन्न सुरक्षा चिन्हहरू अंकित गरी जनचेतनामूलक सामग्री सार्वजनिक गरेको छ । पछिल्लो समय बजारमा नक्कली नोटको जोखिम बढ्न सक्ने आशंकालाई मध्यनजर गर्दै राष्ट्र बैंकले सर्वसाधारणलाई सजग गराउने उद्देश्यले अभियान नै सञ्चालन गरेको थियो ।

राष्ट्र बैंकले सार्वजनिक गरेको सूचनामा नेपाली नोटमा रहेका दृश्य र अदृश्य सुरक्षा विशेषताहरू स्पष्ट रूपमा उल्लेख गरिएको छ । नोटलाई सामान्य आँखाले हेर्दा, छोएर महसुस गर्दा र पराबैजनी बत्तीको प्रयोग गर्दा देखिने चिन्हहरू नै सक्कली नोटको मुख्य आधार भएको जनाएको छ ।

केही महिना अघि नेपाल राष्ट्र बैंक जनकपुर कार्यालयले जाली नोटको कारोबार न्यूनीकरण तथा सर्वसाधारणमा सचेतना अभिवृद्धि गर्न फागुन १३ गते सिरहाको सिरहा बजारमा तथा फागुन १४ गते महोत्तरीको जलेश्वरमा जाली नोट पहिचानसम्बन्धी सचेतनामूलक कार्यक्रमसमेत आयोजना गरेको थियो ।

# पालिका संख्या फेरबदल गर्दै सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहको निर्वाचन अघि नै आवश्यकता अनुसार महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाको संख्या फेरबदलमा सरकार जुटेको छ ।

हाल कायम पालिकाको संख्यामा पुनर्विचार गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गृहकार्यमा जुटेको छ । मन्त्रालयका सहसचिव प्रकाश दाहालले दिएको जानकारी अनुसार १० वर्षसम्म महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकाको संख्यामा पुनरावलोकन भएको छैन । उनले स्थानीय तहको चुनावअघिसम्म पुनरावलोकन गर्नेगरी गृहकार्यमा जुटेको बताए ।




नेपालको संविधान २०७२ र स्थानीय तह सरकार सञ्चालन ऐन- ०७४ मा महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिकाको संख्या यकिन गरी तोकिएको छैन । ऐनले महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिका कायम हुनका लागि न्यूनतम मापदण्ड भने तोकेको छ । दुई स्थानीय तह एकआपासमा गाभिन चाहेमा गाभिन सक्ने व्यवस्था भने ऐनमा छ ।

त्यसरी गाभिन वा एउटा स्थानीय तहभित्र वडाको सीमान फेरबदल गर्न, अथवा नगरपालिका उपमहानगरपालिकामा स्तरोन्नति हुन तथा उपमहानगरपालिका महानगरपालिकामा स्तरान्नोति हुन सम्बन्धित गाउँसभा अथवा नगरसभाले यससम्बन्धी एजेन्डा पास गर्नुपर्छ । गाउँसभा तथा नगरसभाले पास गरेर मात्र पुग्दैन, यसको अन्तिम निर्णय केन्द्र सरकारले गर्छ । यसका लागि संघीय मामिला मन्त्रालयमा गाउँसभा वा नगरसभाले पास गरेको एजेन्डासहितको प्रस्ताव पठाउनु पर्छ ।

सहसचिव दाहालले बताए अनुसार मन्त्रालयले 'गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, एकआपसमा गाभिन र नगरपालिका वर्गीकरण पुनरावलोकनसम्बन्धी मापदण्ड-२०८३' को मस्यौदा तयार गरेको छ । मस्यौदामा सुझाव दिन मन्त्रालयले शुक्रबार सातवटै प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई परिपत्र गरेको छ । परिपत्रमा गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एकआपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरवलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकाले मस्यौदा तयार पारिएकाले

> सहसचिव दाहालले बताए अनुसार मन्त्रालयले " गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, एकआपसमा गाभिन र नगरपालिका वर्गीकरण पुनरावलोकनसम्बन्धी मापदण्ड-२०८३" को मस्यौदा तयार गरेको छ । मस्यौदामा सुझाव दिन मन्त्रालयले शुक्रबार सातवटै प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई परिपत्र गरेको छ ।

सुझाव दिन भएिको छ । मन्त्रालयले तीन दिनभित्र सुझाव दिन भनिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार नगरपालिका कायम हुनका लागि हिमाली जिल्लाको हिमाली क्षेत्रमा कम्तीमा १० हजार, हिमाली जिल्लाको पहाडी क्षेत्र तथा पहाडी जिल्लामा कम्तीमा ४० हजार, भित्री मधेसका जिल्लामा कम्तीमा ५० हजार, तराईका जिल्लामा कम्तीमा ७५ हजार र काठमाण्डु उपत्यकाभित्रका जिल्लामा कम्तीमा एक लाख स्थायी बासिन्दा भएको हुनुपर्छ । यसैगरी उपमहानगरपालिका हुन कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको, पछिल्लो पाँच वर्षको वार्षिक औसत आन्तरिक आय कम्तीमा २५ करोड रुपैयाँ भएको, कम्तीमा एक सय शय्याको एउटा अस्पतालसहित कम्तीमा दुई सय शय्याको अस्पताल सुविधा भएको, फोहरमैला प्रशोधन तथा व्यवस्थापन प्रणाली भएको, सभाहल भएको, राष्ट्रियस्तरको रंगशाला, व्यायामशाला र कभर्ड हल भएको, विद्युत, खानेपानी र सञ्चार सेवाको उपलब्धता भएको, नगरभित्रका प्रमुख सडकहरू पक्की भएको, उच्चस्तरीय शिक्षा तथा प्राविधिक शिक्षाको सुविधा भएको हुनुपर्ने प्रावधान छ ।

महानगरपालिका कायम हुन कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको, पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय कम्तीमा एक अर्ब रुपैयाँ भएको, टर्मिनलसहितको बसपार्क, पार्किङका लागि पर्याप्त सुविधा, सववे तथा सडकपेटी भएको, सहरी परिवहनको सुविधा तथा अपांगतामैत्री सार्वजनिक सवारी सुविधा भएको, कुल सडक लम्बाइको कम्तीमा ७५ प्रतिशत सडकहरू पक्की भएको, स्नातकोत्तर तहसम्मको अध्ययन संस्था भएको, विशेषज्ञ सेवासहितको अस्पताल, एक सय शय्याको कम्तीमा एउटा साधारण अस्पतालसहित कम्तीमा पाँच सय शय्याको अस्पताल सुविधा भएको, व्यवस्थित तरकारी तथा फलफूल बिक्री केन्द्र भएको, सपिङ मलहरू भएको हुनपर्ने न्यूनतम प्रावधान राखिएको छ ।

तोकिएका मापदण्ड कायम भएको पुष्टि भएमा गाउँपालिका नगरपालिकामा, नगरपालिका उपमहानगरपालिकामा र उपमहानगरपालिका महानगरपालिकामा स्तरोन्नति हुन सक्ने उनको भनाइ छ । अहिले देशभरि महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० वटा छन् ।




# विवरण पेश गर्न निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका सबै संस्थागत विद्यालयलाई ७ दिनभित्र आवश्यक शैक्षिक तथा प्रशासनिक विवरण पेश गर्न निर्देशन दिएको छ ।

नगर कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलकुद विकास शाखाले एक सूचना जारी गर्दै विद्यालयहरुलाई आवश्यक कागजातसहित विवरण बुझाउन निर्देशन दिएको हो । नगर शिक्षा समितिको चैत ३० गतेको निर्णयअनुसार सो निर्देशन दिइएको बुझिएको छ ।

सूचना अनुसार विद्यालयहरुले विद्यालय वर्गीकरण, शुल्क निर्धारण तथा शैक्षिक सत्र २०८३ का लागि लागु गरिने सम्पूर्ण शुल्क विवरण पेश गर्नुपर्नेछ । विद्यालय वर्गीकरण गर्दा संस्थागत विद्यालय मापदण्ड निर्देशिका-२०६१ तथा विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि-२०८१ अनुसार कुन वर्गमा विद्यालय पर्छ भन्ने स्पष्ट आधार खुलाउनुपर्ने बताइएको छ ।

त्यस्तै, कक्षा १ देखि १२ सम्म अध्ययन अध्यापन गराइने पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको विस्तृत सूची पनि पब्लिकेशनको नाम र ठेगानासहित बुझाउनुपर्नेछ । उपमहानगरपालिकालेसूचनाप्रकाशन भएको मितिले ७ दिनभित्र विवरण नबुझाए आवश्यक कारबाही अघि बढाइने चेतावनीसमेत दिएको छ ।

शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनामा विद्यालयहरुको शुल्क व्यवस्थापन र शैक्षिक सामग्रीमा पारदर्शिता कायम गर्न यस्तो कदम चालिएको जनाइएको छ ।

# तरबारले केक काटेको आरोपमा चार पक्राउ



**टुडे समाचारदाता**

राजविराज । सप्तरीस्थित एक मन्दिरको प्रांगणमा तरबार प्रयोग गरेर जन्मदिन मनाएको आरोपमा चार जना युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका-१ भारदहस्थित प्रसिद्ध कंकालिनी भगवती मन्दिर परिसरमा तिरहुत गाउँपालिका-५ बुधेवा निवासी २३ वर्षीय मोहम्मद इमरानको जन्मदिन मनाउने क्रममा तरबारले केक काटेका थिए । त्यस लगत्तै बेल्ट र जोडीले बर्थडे-ब्वाईमाथि प्रहार गर्दै ठठ्यौली गरिरहेको भिडियो बाहिरिएको थियो ।

उक्त घटना बैशाख २ गते साँझको हो । सार्वजनिक धार्मिक स्थलमा धारिलो हतियार प्रयोग गरिएको भिडियो तथा सूचना बाहिरिएपछि प्रहरीले निगरानी बढाएको थियो । त्यसपछि संलग्न चारै जनालाई बैशाख ३ गते साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ पर्नेमा इमरानसहित हनुमाननगर कंकालिनी नगरपालिका-१ का २० वर्षीय धर्मबीर मालाकार, १८ वर्षीय करण कुमार दास र १९ वर्षीय गोबिन्द खड्गा रहेका छन् ।

उनीहरुलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरमा राखेर सार्वजनिक शान्ति भंग तथा हतियार दुरुपयोगसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक अनिल कुमार साहले जानकारी दिए । धार्मिक आस्थासँग जोडिएका स्थलहरूमा यस्ता गतिविधि नगर्न सबैलाई सचेत र जिम्मेवार बन्न प्रहरीले आग्रह समेत गरेका छन् ।

# बटेश्वरमा विद्यालय भवन निर्माण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिका-३ स्थित श्री जनशक्ति माध्यमिक विद्यालयमा भारतीय सहयोगमा चारतल्ले भवन निर्माण हुन लागेको छ । सो भवनको वीरगञ्जस्थित भारतीय महावाणिज्यदूत देवी सहाय 'मिना' ले एक समारोहबीच शिलान्यास गरेका छन् ।

विद्यालयको खाली रहेको करीब दुई विघा जग्गामा चार करोड रुपैयाको लागतमा सो भवन निर्माण हुनेछ । नवनिर्मित भवनमा रसायनशास्त्र, भौतिकशास्त्र तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, शिक्षक तथा कर्मचारी कक्ष, प्रधानाध्यापक कक्ष, बैठक कक्ष तथा बालमैत्री शौचालयको व्यवस्था रहने विद्यालयका प्रधानाध्यापक रामआशिष महतोले जानकारी दिएका छन् ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्यदूत मिनाले भारत-नेपाल विकास साझेदारी अन्तर्गत मधेश प्रदेशमा ८९ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना स्वीकृत गरिएकोमा धनुषामा मात्रै २१ वटा परियोजना रहेका बताए । ती मध्ये १३ वटाको



निर्माण काम सम्पन्न समेत भइसकेको जानकारी उनले दिए ।

महावाणिज्यदूत मिनाले विद्यार्थीहरूलाई आधुनिक र गुणस्तरीय शिक्षण वातावरण उपलब्ध गराउने भारत सरकारको लक्ष्य रहेको उल्लेख गर्दै बालबालिका तथा विद्यार्थीका लागि प्रभावकारी शिक्षण सुविधा र अनुकूल शैक्षिक वातावरण बनाउने उद्देश्यले भारत सरकारले सहयोग गर्दै आएको बताए ।

यसअघि भारत सरकारको सहयोगमा धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-तुलसियाही जब्दीस्थित श्री वैद्यनाथ देवनारायण जनता माध्यमिक विद्यालयमा करिब चार करोड रुपैयाँ लागतमा भवन निर्माण गरिसकिएको छ ।

सामुदायिक विकास परियोजनासँगैभारत-नेपालविकास साझेदारी अन्तर्गत विद्यालय, कलेज, अस्पताल, जल निकास, नदी तटबन्ध व्यवस्थापनलगायत नेपाल सरकारका प्राथमिकता प्राप्त क्षेत्रमा आधारभूत पूर्वाधार विकास गर्ने उद्देश्यले यी परियोजनाहरू कार्यान्वयन हुँदै आएको उनले बताए ।

भारत सरकारको सहयोगमा देशका विभिन्न स्थानसँगै मधेश प्रदेशमा पनि विभिन्न विकास परियोजना स्वीकृत गर्नुका साथै एम्बुलेन्स र स्कूल बससमेत सहयोगस्वरूप उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाका अध्यक्ष रामअशिष महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय प्रशासनका पदाधिकार ीसहित जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# सिरहामा सार्वजनिक सवारीसाधनमा सिसीटिभी अनिवार्य गर्न निर्देशन

सिरहा । जिल्लामा सञ्चालन हुने सार्वजनिक सवारीसाधनमा यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै अनिवार्य रूपमा सिसीटिभी क्यामेरा जडान गर्नुपर्ने भएको छ । जिल्ला प्रशासन कार्यालयले बिहीबार एक सूचना जारी गर्दै २० दिनभित्र सबै यात्रीवाहक सवारीसाधनमा सिसीटिभी जडान गरिसक्न निर्देशन दिएको हो ।

जिल्ला यातायात व्यवस्थापन समितिको निर्णयअनुसार सिरहा सदरमुकाम, लहान र मिर्चैयालगायत क्षेत्रबाट छुट्ने लामो तथा छोटो दूरीका सवारीसाधनमा यो नियम लागू हुनेछ । सार्वजनिक यातायातमा हुनसक्ने चोरी, दुर्व्यवहार र अन्य आपराधिक क्रियाकलाप नियन्त्रण गरी यात्रुलाई सुरक्षित महसुस गराउन यो कदम चालिएको प्रशासनले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार तोकिएको २० दिनको समयसीमाभित्र सिसीटिभी जडान



भए/नभएकोबारे यातायात व्यवस्था कार्यालय लहान र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट नियमित अनुगमन गरिनेछ । निमित्त प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी गरिएको उक्त सूचनामा नियमको पालना नगर्ने सवारीसाधनलाई कारबाही गरिने उल्लेख गरिएको छ । रासस

# स्रोत नखुलेको रकमसहित दुई पक्राउ

**टुडे समाचारदाता**

रौतहट । स्रोत नखुलेको नगदसहित प्रहरीले रौतहटबाट दुई जना पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल अन्तर्गत बीओपी बेलबिछवाबाट खटिएको सीमा गस्ती टोलीले राजदेवी नगरपालिका-८, सोफियामाई क्षेत्रबाट भारतबाट नेपालतर्फ आउँदै गरेको विआर ०६ ए ६२९२ नम्बरको मोटरसाइकल जाँच गर्दा ५ लाख २२ हजार ४९० रुपैयाँ फेला पारेको हो ।

पक्राउ पर्नेमा भारत, बिहारको सितामढीका ४५ वर्षीय नजिर नट र सर्लाहीका ५५ वर्षीय मुम्ताज



अन्सारी रहेका छन्। नटसँग ३ लाख २२ हजार र अन्सारीसँग २ लाख ४ हजार ४९० रुपैयाँ बरामद भएको सशस्त्र प्रहरी सीमा सुरक्षा गुल्म गौरका गुल्मपति डीएसपी प्रेम सागर बिष्टले जानकारी दिए ।

उक्त रकमको वैध स्रोत पुष्टि गर्न नसकेपछि दुवै जनालाई मोटरसाइकलसहित नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौर पठाइएको छ ।

यसैबीच, बीओपी सरमुजवाबाट खटिएको चेकपोस्ट टोलीले परोहा नगरपालिका-८, नरकटिया नाकाबाट अवैध रूपमा भित्र्याइँदै गरेको ५४ वटा (१८६ किलो) ब्रायलर कुखुरा नियन्त्रणमा लिई स्थानीय जनप्रतिनिधिको उपस्थितिमा नष्ट गरेको छ ।

सशस्त्र प्रहरी बल नम्बर ११ गण रौतहटका प्रमुख एसपी रामहरि अधिकारीको निर्देशनमा पछिल्लो समय सीमा क्षेत्रमा निगरानी कडा पारिँदै गएको जनाइएको छ ।

# मातातीर्थमा मातृभक्तको भीड

काठमाण्डु । दिवङ्गत आमाको सम्झनामा चन्द्रागिरि नगरपालिका वडा नं ६ स्थित मातातीर्थमा तर्पण, श्राद्ध र पूजा गर्नेको भीड लागेको छ ।

मातातीर्थमा बिहान ३ः०० बजेदेखि नै स्नान, दान, श्राद्ध, तर्पण र पूजा गर्ने र मेला भर्नेको घुइँचो बढेको चन्द्रागिरि नगरपालिकाका प्रवक्ता कृष्णप्रसाद खड्गीले राससलाई जानकारी दिनुभयो ।

आमा नहुने नरनारी आज बिहानै उक्त तीर्थमा स्नान तथा हरिहर (विष्णु र शिव)को दर्शन र पूजा गर्दछन् । मातातीर्थ कुण्डमा स्नान गरेमा दिवङ्



गत आमालाई शान्ति मिल्ने जनविश्वास छ ।

सो तीर्थको परिसरमा मूर्तिकार रामकृष्ण भण्डारीद्वारा निर्मित सबैकी आमाको प्रतीक 'साझा आमा'को मूर्ति पनि स्थापना गरिएको छ ।हरेक वर्ष आमा नहुनेहरूले त्यहाँ गई कुण्डमा नुहाएर मीठामीठा खाद्यपदार्थ चढाई मातृदिवस मनाउने प्रचलन छ ।

जात्रा व्यवस्थापनका लागि मातातीर्थ मेला व्यवस्थापन समितिलगायत स्थानीय सामाजिक सङ्घसंस्था परिचालन भएका छन् । रासस

# "कसैसँग छैन आशा, गर्छन् सडकमै सङ्घर्ष"

कमलामाई । वैशाखको चर्को घामले जमिन तातेको छ । शीतल दिने छहारी छैन । छाता ओढेर ग्राहकको प्रतिक्षामा छन्- ढाटिमाया दर्जी, सुकुमाया थिङ र फूलमाया वाइवा । छाताले शीर ढाकिए पनि जीवनका सङ्घर्षहरू ढाकिन सकेका छैनन् । फागुन-चैतको आँधीहुरी होस्, वैशाख-जेठको चर्को घाम वा असार-साउनको झरी किन नहोस्, दैनिक हाट र फुटपाथमा संर्घष गरिरहेका भेटिन्छन् ।

एकहत्तर वर्षीया ढाटिमाया दर्जीले यो यात्रा सुरु गरेको झन्डै तीन दशक बित्नै लागिसकेको छ । २७ वर्षअघि उहाँले ३५ रुपैयाँको लगानीमा व्यापार सुरुवात गर्नुभएको थियो । ढाटिमायाको व्यापारीक यात्रा फापरको सागबाट भएको हो । "किसानसँग प्रतिमुठ्ठा दुई रुपैयाँका दरले १८ मुठ्ठा सागलाई ३६ रुपैयाँ पर्थ्यो, मलाई किसानले एक रुपैयाँ छुट दिनुभयो । मैले त्यो साग तीन रुपैयाँ नाफा लिएर प्रतिमुठा पाँच रुपैयाँमा बेचेँ । ३५ रुपैयाँको लगानी बढेर ५५ रुपैयाँको भयो," उहाँले विगत सम्झिदै सुनाउनुभयो ।

पहिला सिन्धुलीसँगै रामेछाप, दोलखासम्मका हाट, मेला, महोत्सवमा व्यापार गर्न पुग्ने ढाटिमायाले त्यसरी नै व्यापार विस्तार गर्दै जानुभयो । ३५ रुपैंयाबाट सुरुवात गरेको व्यापार बढेर अहिले झन्डै ३५ हजारको भएको छ । सिन्धुलीको सदरमुकाम सिन्धुलीमाढीमा साप्ताहिक रुपमा लाग्ने शनिबारे हाटको उहाँ नियमित व्यापारी हुनुहुन्छ ।

आज पनि गाउँमा उत्पादित मौसमअनुसारका



उत्पादन बेचिराख्नुभएको छ । साग, अदुवा, बेसार, केरा, खुर्सानी, अमला, बदाम, अम्बा, गुन्द्रुकजस्ता सामान उहाँ बिक्रीमा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "मेरो हैसियतअनुसारको व्यापार गरिरहेको छु । आजसम्म कसैसँग मागेर खानु परेको छैन । म आफ्नै पौरखमा बाँचेको छु । जेनतेन घरखर्च धानेकै छु ।"

आज आमाको मुख हेर्ने दिन । उहाँलाई पनि आफ्ना सन्तानले आज अरु आमाका छोरोछोरीले जस्तै मुख हेर्न आउनान् कि भन्ने आशा लाग्छ तर कसैले वास्ता गर्दैनन् । ढाटिमायाका आठ सन्तान थिए-पाँच छोरी र तीन छोरा । सबै छोरी र कान्छो छोरो अकाल्मै बिते । बाँचेका दुई छोरा-बुहारीको पनि साथ छैन उहाँलाई । टन्टलापुर घाममा व्यापार गर्ने ढाटिमायालाई घामको तापले भन्दा बितेका सन्तानको शोकले पिरोलिरहन्छ । उहाँको साथमा श्रीमान त हुनुहुन्छ । तर कठिन सङ्घर्षमा सधैँ एक्लै जुध्न परेको तीतो अनुभवले सुनाउनुभयो ।

ढाटिमायाकै सारथी हुनुहुन्छ, सुकुमाया । उमेरले ८० कटेकी सुकुमाया ३५ वर्ष भयो व्यापारमा लागेको । यस अवधिमा भिमानमा लाग्ने शुक्रबारे हाट, सिन्धुलीमाढीमा लाग्ने बुधबारे र शनिबारे हाटदेखि दोलखा, रोमछापमा लाग्ने हाटमासमेत उहाँ पुग्नुभएको छ । अझैसम्म पनि यो यात्रा रोकिएको छ । "आफैँमा आत्मनिर्भर भएमा कसैले हेप्न सक्दैन । शरीरले साथ दिएसम्म मिहेनत गर्छु । मलाई कसैको आशा पनि छैन," सुकुमायाले भन्नुभयो । सानो लगानीमा मुठ्ठी, मानोको व्यापार गरेरै पनि जीविका चलाउन सकिने उहाँ बताउनुहुन्छ ।

सुको मानो खुर्सानी बेचेकी फूलमायालाई बजारमा सामानको मूल्य आकासिएको देख्दा आत्तेसै लाग्छ । उहाँले शनिबारे हाटमा मात्रै ३१ वर्ष भयो व्यापार गर्नुभएको । गाउँ-घरमा उत्पादन भएका अर्गानीक सागसब्जी, फलफूललगायतका सामान उहाँले बेच्दै आउनु भएको छ । उमेरले ७२ वर्ष पुगेकी फूलमायालाई आफ्ना पाखुरा चलुन्जेल कसैलाई पनि दुःख दिने मन छैन । "मेरो छोरा नेपाली सेनामा जागिरे छ । तर, आजसम्म छोरालाई दुख दिएको छैन । म आफ्नै कमाइले बाँचिरहेको छु । यसैगरी काम गर्दा-गर्दै, पैसा कमाउँदा-कमाउँदै मर्न पाईओस्" उहाँले भन्नुभयो ।

ढाटिमाया, सुकुमाया र फूलमाया एकअर्काको सारथी हुनुहुन्छ । प्रायः हाटमा व्यापार सँगै-सँगै गरेको देखिन्छ । आज पनि उहाँहरू शनिबारे हाटमा लहरै बसेर व्यापार गरिराख्नु भएको छ । हाटमा मात्रै कहाँ हो र ! फुटपाथमा पनि सानो लगानीमा व्यापार गर्नेहरू महिला बाक्लै भेटिन्छन् । सावित्री थापाले फुटपाथमा व्यापार सुरु गर्नुभएको चार वर्ष वित्यो । उहाँ दैनिक बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्म सिन्धुलीमाढी क्षेत्रकै फुटपाथमा व्यापार गर्नुहुन्छ । यसका बाध्यता धेरै छन् ।

उहाँ दुई सन्तानकी आमा हुनुहुन्छ । छोरीको विवाह भइसकेको छ । छोराका दुई नाति छन् तर कमाएर पाल्ने छोरो विरामी भएर थलिएपछि उहाँले ६० वर्षको उमेर फुटपाथमा व्यापार गर्नु परेको हो । आज उहाँले सिन्धुलीमाढीस्थित भेटेनरी चोकमा खुर्सानी, कुखुराको अण्डा, केरा, गुन्द्रिक, वन सिलाम, टिमुर, बेसार बेच्न राख्नुभएको छ । व्यापारबाट दैनिक कमाइ चार सयदेखि एक हजारसम्म हुने गरेको उहाँले बताउनुभयो ।

त्यसो त ८० वर्षीया देवकुमारी भुजेल पनि फुटपाथमै सङ्घर्ष गरिराख्नुभएको छ । पोलेको र हरियो मकै, बेसार, खुर्सानी, अमला उहाँले बेच्नुहुन्छ । सामाजिक सुरक्षा भत्ताले औषधि खान नपुगेपछि उहाँ अझैसम्म पनि सडकमा सङ्घर्ष गर्न बाध्य हुनुहुन्छ । आफ्ना सन्तानको अपहेलना सहन नसकेर उहाँ छुट्दै कोठा भाडामा लिएर बस्दै आउनुभएको छ । देवकुमारीलाई एक्लो बुढेसकाल बिताउन जति सङ्घर्ष छ, त्यत्तिकै कठिन छ-अनितादेवी रामलाई तीन सन्तानको पालनपोषण गर्न । श्रीमान् बितेपछि फुटपाथमा उहाँको सङ्घर्ष सुरु भएको हो ।

महोत्तरीका गौशलाकी अनितादेवीको परिवार १२ वर्षदेखि कमलामाई नगरपालिका-५ चिसापानीमा कोठा भाडामा बस्दै आएको छ । परिवारको एक मात्रै साहारा बनेका विजय राम रोगले थलिएर बितेपछि अनितादेवी बेसहारा हुनुभयो । आफन्त, परिवारको समेत उहाँले साथ पाउनुभएन ।

विजय बित्दा जेठो छोरो १० वर्षका थिए । भोक मेटाउन गासको समस्या बढ्न थालेपछि उनले विजयले गरेको कामलाई निरन्तरता दिन थाले । रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | लामो समयदेखि थाँती रहेका कामहरु पुनः सुचारु हुनेछन् । |
| वृष : | तपाईको मेहनतको उचित मूल्याङ्कन हुने दिन छ । |
| मिथुन : | परिवार र आफन्तको सहयोगले ठुला कामहरु सहजै सम्पन्न गर्न सकिनेछ । |
| कर्कट : | समाजमा तपाईको मान-सम्मान र प्रतिष्ठा बढ्ने समय छ । |
| सिंह : | व्यवसायिक क्षेत्रमा केही अतिरिक्त खर्च आउन सक्छ । |
| कन्या : | धैर्य राखेर काम गर्दा सफलता नजिक आउनेछ । |
| तुला : | कामका क्षेत्रमा विभिन्न अवसरहरु प्राप्त हुनेछन् । |
| वृश्चिक : | रमाइलो जमघट तथा सामाजिक कार्यक्रममा सहभागी हुने अवसर मिल्नेछ। |
| धनु : | व्यापार-व्यवसायमा राम्रो फाइदा हुने सम्भावना छ । |
| मकर : | काममा परिवारको राम्रो सहयोग प्राप्त हुनेछ। |
| कुम्भः | आफ्नो क्षेत्रमा नेतृत्व गर्ने अवसर प्राप्त हुनेछ । |
| मीनः | नयाँ अवसरहरु प्राप्त हुनेछन् । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडे



# ट्रेड युनियन खारेज नगर्न सरकारलाई आग्रह




**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका राष्ट्रिय स्तरका ६ वटा निजामती कर्मचारी ट्रेड युनियनहरूले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलाई एक संयुक्त माग तथा प्रतिबद्धतापत्र बुझाएका छन् ।

बिहीबार नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, मधेसी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपालका प्रतिनिधिले संयुक्त रुपमा उक्त मागपत्र बुझाएका हुन् ।

मागपत्रमा तत्काल सङ्घीय निर्वाचन कर्मचारी ऐन ल्याउन माग गरेका छन् । ट्रेड युनियनहरूले कर्मचारीको अनिवार्य अवकाशको उमेर ६० वर्ष कायम गर्नुपर्ने मुख्य माग अघि सारेका छन् । त्यस्तै, ३० वर्ष सेवा अवधि पूरा गरेका र ५० वर्ष उमेर पुगेका कर्मचारीका लागि स्वैच्छिक अवकाशको व्यवस्था ऐनमै गर्नुपर्ने उनीहरूको माग छ ।

मुख्य सचिवको पदावधि २ वर्ष, सचिवको ३ वर्ष र सहसचिव वा सो सरहका कर्मचारीको सेवा अवधि अधिकतम १२ वर्ष कायम गर्न माग गरिएको छ ।

मागपत्रमा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई 'निजामती कर्मचारी'को परिभाषाभित्र समेट्न आग्रह गरिएको छ। निजामती सेवामा 'तहगत व्यवस्था' लागू गर्नुपर्ने र समायोजनका क्रममा फाजिलमा परेका वा अन्यायपूर्ण तरिकाले समायोजन गरिएका कर्मचारीलाई पुनः एकपटक समायोजन रोज्न दिनुपर्ने माग पनि उठाइएको छ ।

कुनै पनि पदमा लगातार ५ वर्ष पूरा गरेका कर्मचारीलाई १ तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेका कर्मचारीको श्रेणी बढुवा गरी तह मिलान गर्नुपर्ने माग गरिएको छ। साथै, जीवनयापनको लागतअनुसार तलब, भत्ता तथा सेवा सुविधा ऐनबाटै स्वतः समायोजन हुने स्पष्ट व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।

उनले सरकारले कर्मचारी ट्रेड युनियन खारेज गर्ने सरकारको कार्यसूचीको विषयमा ध्यानाकर्षण जनाएका छन् । विराटनगर जुटमिलको मजदुर आन्दोलन लगायतको प्रसङ्ग जोड्दै विज्ञप्तिमा ट्रेड युनियन आन्दोलनले आकार ग्रहण गरेको र नागरिक स्वतन्त्रता तथा पेसागत हकहितका लागि महत्त्वपूर्ण भूमिका भन्दै यसलाई स्मरण गर्न आग्रह समेत गरिएको छ ।

# फेसबुकले ल्यायो अठार वर्षपछि हराएको छोराको खबर, परिवार पुनर्मिलनको प्रतीक्षामा

कञ्चनपुर । सामाजिक सञ्जाल फेसबुकमा अपलोड गरिएको एउटा भिडियोले १८ वर्षदेखि हराएको छोराको खबर ल्याएपछि शुक्लाफाँटा नगरपालिका-१२ का डम्बरबहादुर नेगीको परिवारमा खुसीयाली छाएको छ । लामो समयदेखि सम्पर्कविहीन रहेका छोरा दीपक जीवित रहेको खबर पाएपछि परिवार पुनर्मिलनको प्रतीक्षामा छ ।

घरको कमजोर आर्थिक अवस्थाका कारण १८ वर्षको उमेरमा रोजगारीको खोजीमा भारत गएका दीपक गाउँकै एक आफन्तसँग हिमाञ्चल पुगेका थिए । त्यहाँ काम गर्ने क्रममा बिरामी परेपछि 'अस्पताल जान्छु' भनेर हिँडेका उनी त्यसपछि सम्पर्कविहीन भएका थिए । त्यसयता उनी कहाँ छन् भन्ने कुनै जानकारी परिवारले पाउन सकेको थिएन ।

समय बित्दै जाँदा परिवारले आफन्त र चिनेजानेकाहरूसँग खोजी गरे पनि कुनै पत्तो लागेन । अन्ततः दीपक जीवित छन् कि छैनन् भन्ने नै अन्योलमा परेको अवस्थामा परिवारले आशा मारेको थियो । तर नियतिले नयाँ मोड लियो ।

भारतको लेह-लद्दाख क्षेत्रमा चौँरीगोठमा काम गरिरहेका एक नेपालीले दीपक नेगीसँग भेट गरेका थिए । कुराकानीका क्रममा उहाँले आफू कञ्चनपुरको देखतभूलीको दीपक (दीपु) नेगी भएको बताएका थिए ।

त्यसपछि ती नेपालीले दीपकको नाम, ठेगाना र अवस्थासहितको भिडियो फेसबुकमा अपलोड गरे । उक्त भिडियो सामाजिक सञ्जालमार्फत फैलिँदै नेगी परिवारसम्म पुगेको हो । प्रहरीमार्फत सूचना वडा कार्यालयसम्म पुगेपछि परिवार र भिडियो अपलोड गर्ने व्यक्तिबीच सम्पर्क स्थापित भएको थियो । त्यसपछि फेसबुक र फोनमार्फत दीपकको अवस्थाबारे थप जानकारी लिइएको छ ।

मोबाइलको स्क्रिनमा १८ वर्षपछि छोराको अनुहार देख्दा परिवारका सदस्यहरू स्तब्ध बनेका थिए । एकछिन त विश्वास नै गर्न नसकेको परिवार त्यसपछि भावुक बनेको थियो । "भगवान्ले नै आएर खबर सुनाएजस्तो भयो", दीपकका बुबा डम्बरबहादुर नेगीले भन्नुभयो, "यति वर्षपछि छोराको खबर पाउनु नयाँ जीवन पाएजस्तै हो ।"



आमा मानमती नेगीका लागि पनि त्यो क्षण अत्यन्त भावुक रह्यो । "पहिले त विश्वास नै लागेन, पछि राम्रोसँग हेर्दा आफ्नै छोरा हो भन्ने थाहा पाएँ", उहाँले भन्नुभयो, "खुसीले बोल्न सकिनँ, आँसुमात्रै आयो, अब छिट्टै भेट्ने व्यग्र प्रतीक्षा छ, छोरा भेट्ने अझै बेचैनी बढ्दै जान थालेको छ ।"

परिवारका अनुसार दीपक केही वर्षदेखि मानसिक रूपमा अस्वस्थ छन् । काम गर्ने ठाउँका मालिकले उपचार गराइरहेका छन् भन्ने जानकारी प्राप्त भएको छ । सीमित स्रोतसाधनका बाबजुद गरिएको सहयोगप्रति परिवारले आभार व्यक्त गरेको छ । हाल नेगी परिवार र दीपकबीच फेसबुक भिडियो कलमार्फत नियमित सम्पर्क भइरहेको छ। लामो समयपछि छोरासँग कुरा गर्दा परिवार अझै पनि विश्वास गर्न गाह्रो भइरहेको बताउँछ ।

"फोनमा आवाज सुन्दा र भिडियोमा देख्दा मन भरिन्छ", बुबा डम्बरबहादुरले भन्नुभयो, "अब छिट्टै घर ल्याउन पाए सबै दुःख बिर्सिन्छौँ ।" छत्तीस वर्षीय दीपकलाई घर फर्काउने तयारी पनि सुरु गरिएको छ । दुर्गम लेह-लद्दाख पुग्न समय र खर्च दुवै लाग्ने भएकाले परिवार आवश्यक स्रोत जुटाउने कार्यमा लागेको छ । आफन्तसँग सरसापट र कर्जा मागेर भए पनि दीपकलाई ल्याउनका लागि तयारी गरिएको छ ।

हाल दिल्लीमा कार्यरत दीपकका दाजु र भाउजुले यसै महिनाको २० तारिखतिर लद्दाख पुगेर उहाँलाई घर ल्याउने योजना बनाइरहेका छन् । परिवारले ल्याउनका लागि अब ढिलाइ नगर्ने जनाएको छ ।


वडाध्यक्ष नवलसिंह रानाका अनुसार प्रहरीमार्फत सूचना प्राप्त भएपछि परिवारलाई जानकारी गराइएको र भारतस्थित सम्पर्क व्यक्तिसँग समन्वय गरिएको हो । "फेसबुककै कारण वर्षौंदेखि हराएको व्यक्ति परिवारसँग जोडिनु प्रविधिको सकारात्मक प्रयोग हो", उहाँले भन्नुभयो ।

नेगी परिवारका छिमेकी वडा सदस्य जयसिंह भण्डारीले पनि फेसबुक भिडियोमार्फत दीपक जीवित रहेको थाहा पाउँदा गाउँभरि खुसी छाएको बताउनुभयो । नेगी परिवारका तीन छोरामध्ये दीपक माइला हुन् । जेठो र कान्छो छोरा भारतमै रोजगारीमा छन् भने बुबा गाउँकै सामुदायिक वनमा चौकीदारका रूपमा कार्यरत छन् । रासस

# किशोरभक्त श्रेष्ठ नै अहिलेको आवश्यकता

**टुडे समाचारदाता**

काठमाण्डु । लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ एफको चौथो कन्भेन्सन वैशाख ५ गते शनिबार काठमाडौंको महिन्द्र क्लब भृकुटीमण्डपमा सम्पन्न हुँदैछ । चौथो कन्भेन्सनसँगै आगामी २०२६/०२७ को नेतृत्व पनि चयन हुनेहुँदा लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ एफमा निर्वाचन सरगमी पनि बढ्दैछ । लायन वर्ष २०२६/०२७ का लागि २०२५/०२६ का फष्ट भाइस गभर्नर लायन अजयप्रसाद खनाल गभर्नरमा निर्वाचित हुँदैछन् ।




त्यसैगरी २०२५/०२६ का सेकेण्ड भाइस गभर्नर मनोजकुमार सापकोटा फष्ट भाइस गभर्नरमा निर्वाचित हुँदैछन् त्यस्तै २०२६/०२७ का लागि किशोर भक्त श्रेष्ठ भने प्रतिस्पर्धा भएमा निकै अगाडी देखिएका छन् । ३३ वर्षे लायनिज्मको यात्रामा अन्तर्राष्ट्रिय क्षेत्रमा नै उल्लेखनीय आर्थिक योगदान गरेकाले सेकेण्ड सेन्चुरी एम्बेसडर प्रोग्रेसिभ मेल्भिन जोन्स फेलो, लायन्स अन्तर्राष्ट्रिय आजीवन सदस्य (मेम्बर) जस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मान प्राप्त गर्न सफल सबैभन्दा जेष्ठ, किशोर भक्त श्रेष्ठनै डिष्ट्रिक्ट ३२५ एफको आगामी २०२६/०२७ का लागि द्वित्तिय भाइस डिस्ट्रिक्ट गभर्नर बनाउनुपर्ने बाध्यता र आवश्यकता बढ्दै गएको छ ।

नेपालमा भएको चारवटा डिष्ट्रिक्टबाट १५ वटा बनाउनु पर्ने बाध्यता र आवश्यकताको प्रमुख कारण समावेशीता, भौगोलिकता र जेण्डर (लैंगिकता) प्रमुख कारण रहेकोले किशोर भक्त श्रेष्ठ यतिबेला पुराना, पाका र समावेशी अनुहारलाई नै डिष्ट्रिक्ट ३२५ एफमा जनजातिबाट भावी गभर्नरका रुपमा देख्न यतिबेला डिष्ट्रिक्ट ३२५ एफका अधिकांश क्लबहरु आतुर देखिन्छन् । श्रेष्ठ निकै लामो समयदेखि समाजसेवामा समर्पित हुँदै आएका र नेपालको लायनिज्मको यात्रामा श्रेष्ठ भन्दा पछिका लायन लिडरहरु सबैजसो गभर्नर भइसकेका कारण सबै पिडीजी लगायत अधिकांश लायन लिडरहरुको आग्रह अनुरोधपछि मात्र लायन किशोर भक्त श्रेष्ठले यसवर्ष अर्थात २०२६/०२७ मा द्वितिय भाइस गभर्नरका लागि प्रत्यासी बनेका हुन् ।

उनले यसवर्ष देखि नै डिष्ट्रिक्टको व्यवस्थित कार्यालय निर्माण गर्दै जाने लक्ष्य लिएको हुँदा २०२८/०२९ सम्ममा डिष्ट्रिक्ट ३२५ एफको आफ्नै सुविधा सम्पन्न भव्य भवन बनाउने र सर्भिस सेन्टर बनाउने उद्देश्यका साथ ३ वर्ष पछि गभर्नर बनाउन डिष्ट्रिक्ट ३२५ एफका सबै पिडिजीहरुको एउटै उद्देश्य रहेकोले किशोर भक्त श्रेष्ठ भूगोल र समावेशी अनुहारलाई २०२६/०२७ का लागि द्वितिय भाइस डिष्ट्रिक्ट गभर्नर बनाउन लागि परेका छन् ।

यति मात्र नभएर लायन किशोर भक्त श्रेष्ठले मानिसको जीवन बचाउने ब्लड बैंक निर्माणका लागि टियु ब्लड बैंकमा दश लाख डोनेसन गर्ने पहिलो व्यक्ति डिष्ट्रिक्ट ३२५ एफको एनएलएफ कोषमा स्थापनााकालमै रु एक लाख प्रदान गरेर प्लाटिनियम अवार्ड प्राप्त गरिसकेका किशोर भक्त श्रेष्ठले बिसौं वर्ष अगाडि देखि आफ्ना परिवारका धर्मपत्ती 'एमजेएफ' मोना श्रेष्ठ लगायत दाजुभाइहरुलाई लायनिज्मको बिसवटा भन्दा बढी कार्यकारी पदहरु सफलतापूर्वक सम्पन्न गरी सकेकाले पनि अहिले पहिलो बाध्यता र आवश्यकताका पात्र किशोर भक्त श्रेष्ठ नै द्वितिय डिस्ट्रिक्ट गभर्नरका प्रत्यासी मध्येका पहिलो हुन् र उनी नै निर्वाचित हुने पक्का जस्तो भएको छ । वर्तमान डिष्ट्रिक्ट ३२५ एफका पूर्व गभर्नरदेखि पदाधिकारी सबैजसो किशोर भक्त श्रेष्ठ नै यस वर्षदेखिको उपयुक्त पात्र रहेको बताउँछन् ।

> २०११ साल असार २ गते काठमाडौंमा जन्मेका किशोर भक्त श्रेष्ठ १९९३ डिसेम्बर ८ तारिखदेखि सन् २०२६ सम्म आउँदा लायन्सका संस्थाहरुमा संस्थापक क्लब प्रेसिडेन्टदेखि डिष्ट्रिक्ट सम्मका बिसवटा भन्दा बढी कार्यकारी पदहरु सफलतापूर्वक सम्पन्न गरी सकेकाले पनि अहिले पहिलो बाध्यता र आवश्यकताका पात्र किशोर भक्त श्रेष्ठ नै द्वितिय डिस्ट्रिक्ट गभर्नरका प्रत्यासी मध्येका पहिलो हुन् र उनी नै निर्वाचित हुने पक्का जस्तो भएको छ । वर्तमान डिष्ट्रिक्ट ३२५ एफका पूर्व गभर्नरदेखि पदाधिकारी सबैजसो किशोर भक्त श्रेष्ठ नै यस वर्षदेखिको उपयुक्त पात्र रहेको बताउँछन् ।

ठूला बिजनेश हाउसहरुका लगानीकर्ता श्रेष्ठले सयौं युवा युवतीहरुलाई रोजगारीका अवसर प्रदान गरिरहेका छन् । बिजनेस सेक्टरमा सफल उद्योगपतिका रुपमा परिचित रहेका श्रेष्ठले स्वास्थ्य क्षेत्रमा लगानी, हाउजिङ्ग क्षेत्रमा लगानी देखि आयात निर्यात सम्मका ट्रेडिङ्ग बिजनेश लामो समयदेखि सञ्चालन गरिरहेकाले श्रेष्ठ अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, अष्ट्रिया, हंगेरी, रोमनिया, इन्डोनेसिया, सिंगापुर, हङकङ, अष्ट्रेलिया, चीन, जापान, दक्षिण कोरिया, फिलिपिन्स, थाइल्यान्ड, भारत, बंगलादेश, इजरायल, संयुक्त अरब इमिरेट जस्ता विश्वका प्रमुख मुलुकहरुको भ्रमण गरी सकेका छन् ।

उनी अटिजम केयर नेपाल सोसाइटीका आजीवन सदस्य, त्रिवि लायन्स ब्लड बैंकका संस्थापक सदस्य, नेपाल मधुमेह समाजका सल्लाहकार, नेपाल कोरिया तथा उद्योग चेम्बरजस्ता संस्थाका उपाध्यक्षजस्तो कार्यकारी पदको भूमिका निभाउँदै आएका छन् । ३३ वर्षे लायनिज्मको यात्रामा उनले दर्जनौ वटा अन्तर्राष्ट्रिय अवार्ड तथा रिकोनाइजेशन, दर्जनौ वटा अन्तर्राष्ट्रिय सर्टिफिकेट र विभिन्न अन्तर्राष्ट्रिय प्रेसिडेन्ट मेडलहरु प्राप्त गरिसकेका हुँदा डिष्ट्रिक्ट ३२५ एफको सम्मानको लागि पनि श्रेष्ठ नै अहिलेको द्वितिय भाईस डिष्ट्रिक्ट गभर्नरमा पहिलो रोजाइका पात्र रहेका छन् ।

श्रेष्ठ नै हुन् । त्यसैगरी लायन अन्तर्राष्ट्रिय क्लबमा नेपालको लायनहरुमध्ये ठूलो रकम डोनेसन गरेका हुँदा पटक पटक अन्तर्राष्ट्रिय गभर्नरले सम्मान पटक पटक सम्मान गरेको छ ।

त्यसैगरी नेपाल अपाङ्ग कोषमा १५औं वर्षदेखि लाखौं रकम सहायता उपलब्ध गराउँदै आएका श्रेष्ठले हालै मात्र अपाङ्ग भएका व्यक्तिहरुलाई जीवनयापन गर्न सहजीकरण हुने उद्देश्यले करिब १३ लाख बराबरको ह्वील चियर, हातखुट्टा, वैशाखी जस्ता उपयोगी सामग्री वितरण गरेका छन् । लायन्स सर्भिस बैंकमा एक लाख, यात्रामा हिँडाउन सफल भएका छन् । मनका धनी किशोर दाईले लायनिज्म यात्रामा अन्य लायन लिडरहरुलाई प्रोत्साहन गर्न पनि यसरी डोनेसन गर्दै आएको बताउँछन् । यस कारण उनलाई डिष्ट्रिक्टदेखि विभिन्न सामाजिक कार्यक्रमहरुमा परोपकारी किशोर दाई भनेर शीर्ष लायन लिडरहरुले सम्बोधन गर्ने गर्दछन् ।

२०११ साल असार २ गते काठमाडौंमा जन्मेका किशोर भक्त श्रेष्ठ १९९३ डिसेम्बर ८ तारिखदेखि सन् २०२६ सम्म आउँदा लायन्सका संस्थाहरुमा संस्थापक क्लब प्रेसिडेन्टदेखि डिष्ट्रिक्ट सम्मका

# वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी-२०८३ : विज्ञान र प्रविधिको प्रयोगमा जोड

खोटाङ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा 'वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी-२०८३' महोत्सव बिहीबारदेखि सुरु भएको छ । विद्यार्थी तथा युवापुस्तामा विज्ञान र प्रविधिप्रति रुचि बढाउँदै आगामी दिनमा वैज्ञानिक उत्पादन गर्ने उद्देश्यका साथ जिल्लामा पहिलोपटक वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी महोत्सवको आयोजना गरिएको हो ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, शुभम् फाउन्डेसन र हिमालयन माध्यमिक विद्यालय सोल्माले संयुक्त रूपमा आयोजना गरेको महोत्सवमा ८२ वटा स्टल राखिएको छ । यही वैशाख ७ गतेसम्म सञ्चालन हुने महोत्सवमा खोटाङका २१ माध्यमिक विद्यालयको ६४ वटा तथा राजधानीसहित बाहिरी जिल्लाका १५ वटा विद्यालयको १८ वटा स्टल रहेको आयोजक समितिका स्टल संयोजक भूपाल राईले जानकारी दिनुभयो ।

स्थानीय स्रोतसाधन प्रयोग गरेर आयोजना गरिएको महोत्सवमा परियोजना प्रतिस्पर्धासमेत गराइने आयोजकले जनाएको छ । नगरपालिकाभित्र सञ्चालित सबै माध्यमिक तहका विद्यालय तथा देशभरका विद्यार्थीको सहभागिता रहेको महोत्सवको परियोजना प्रतिस्पर्धामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय तथा विद्यार्थीलाई क्रमशः नगद रु २० हजार, रु १० हजार र रु पाँच हजार पुरस्कार प्रदान गरिने जनाइएको छ ।

प्रदर्शनीमा विद्यार्थीले तयार पारेका विज्ञानसम्बन्धी परियोजना, एआइ प्रविधिमा आधारित नमूना प्रस्तुति तथा अन्तरक्रियात्मक स्टलहरू राखिएको महोत्सव आयोजक समितिका संयोजक एवं शुभम् फाउन्डेसनका कार्यकारी निर्देशक सूर्यबहादुर राईले जानकारी दिनुभयो । "पाँच दिनसम्म सञ्चालन हुने प्रदर्शनीले विद्यार्थीमा सिर्जनशील सोचको विकास हुने र ग्रामीण क्षेत्रमा विज्ञान तथा प्रविधिसम्बन्धी ज्ञान र सीपको विस्तारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेका छौं । महोत्सवमा पिपुल्स च्वाइस अवार्डको व्यवस्थासमेत गरिएको छ", उहाँले भन्नुभयो, "प्रदर्शनीको पहिलो दिनमै एक हजारभन्दा बढी अवलोकनकर्ताले भोट गरेका छन् । अवलोकनकर्ताको भोटको आधारमा उत्कृष्ट स्टललाई पुरस्कृत गरिन्छ । त्यसले विद्यार्थीहरू उत्साहित भएका छन् ।"




दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित शुभम् फाउन्डेसनमा आयोजना गरिएको महोत्सवमा रोबो-कार रेसमा प्रथम हुनेलाई नगद रु १५ हजार, द्वितीय हुनेलाई रु १० हजार र तृतीय हुनेलाई रु पाँच हजार प्रदान गरिने आयोजकले जनाएको छ । महोत्सवमा मोस्ट प्राक्टिकल इनोभेसन अवार्डअन्तर्गत नगद रु पाँच-पाँच हजार प्रदान गरिने संयोजक राईले जानकारी दिनुभयो ।

पाँच दिनसम्म सञ्चालन हुने महोत्सवमा विद्यार्थीहरूबीच एआइसम्बन्धी निबन्ध लेखन प्रतियोगितासमेत आयोजना गरिएको आयोजकले जनाएको छ। निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः नगद रु १५ हजार, रु १० हजार र रु पाँच हजार प्रदान गरिने हिमालय माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष सप्तमणि राईले बताउनुभयो ।

जिल्लामा पहिलोपटक आयोजना गरिएको वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी महोत्सवमा नाष्टका वैज्ञानिकहरूसँग विद्यार्थीको प्रत्यक्ष कुराकानी तथा प्रशिक्षण, धिरज राईलगायतका राष्ट्रियस्तरका चर्चित कलाकारको साङ्गीतिक प्रस्तुति राखिएको आयोजकले जनाएको छ । महोत्सवमा आएका नाष्टका वैज्ञानिकसँगको प्रत्यक्ष कुराकानी तथा प्रशिक्षणले विज्ञान, प्रविधि र नवप्रवर्द्धनका क्षेत्रमा रुचि राख्ने विद्यार्थीका लागि थप प्रोत्साहन मिल्ने दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

महोत्सवमा काठमाडौंका आठ तथा भक्तपुर, काभ्रेको धुलिखेल र विराटनगरकोएक-एकवटाविद्यालयले सहभागिता जनाएको आयोजकले दिएको छ । खोटाङ प्रदेशसभा १ (१)का प्रदेशसभा सदस्य एवं कोशी प्रदेश सरकारका निवर्तमान सामाजिक विकासमन्त्री पाँचकर्ण राई 'पिके' र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट)का उपकुलपति डा दिलीप सुब्बाले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो । रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। आमा ।।

आज आमाको मुख हेर्ने दिन रहेछ, आमालाई सबै खुसी मिलोस्
... माता काली सँग प्रार्थना गदैछु , मेरो लागि धेरै दुःख पीडा
सहनुभयो, नौ महिना आफ्नो गर्भमा राखेर जन्म दिनुभयो मेरी
आमा।
मेरो लागि मेरी आमा भगवान जस्तै हो , भने तुलना गर्न सक्दिन्
...किन, भने मेरो भगवान् केवल आमा हुन्, आमाको केहीको
तुलना हुदैन् ।
आमाको माया हिमशिखरभन्दा पनि ठूलो रहेछ, आमाको मनमा
जाति घामलागे पनि चन्द्र मा जास्तै चम्किने गर्छ , आमा शब्द
नै सुन्दा मनमा अटुट प्रेरणा आउने गर्छ, आमा भनेकै शान्तिको
उज्वल शिखर हो ।
दुःख आउँदा समिटने कोई हुदैनन्, जस्तो लाग्छ तर आमाको
काखमा जाने बितिकै दुःख पनि हराउँदै जान्छ , आमाको
काखमा दुःख मात्र मेटिदैन् शान्ति पनि पाइन्छ, आमा उज्वल
उपहार हुन् ।
आमा भनेकै मायाको देवी हुन्, आज आमाको पैताला ढोग्न
मन लाग्छ , किनभने आमा कै कारणले आज यो संसार हेरदै
छु...जति जन्म भए पनि मेरो , हजुरकै छोरी बन चहान्छु आमा ।



नाम: पूजा कुमारी पंडित
घर: जनकान्दिनी गाउँपालिका - ४ खजुरी

## ।। इच्छाको यात्रा ।।

सपनाको रंग मात्र
पर्दै जाँदा इच्छाको यात्रा
अध्यारोको उज्यालो बनाउने ताप
सत्यलाई गर्ने हिम्मतको साथ।
इच्छाले साहस जुटाउन पाउँदा
पहिलो डर खुल्दैछ यो मनमा
सजिलो हुँदै यात्रा सुरु भयो
एक्लै बाँच्न सिक्ने भयो।
समय कहिले सजिलो लाग्यो
संसार तर मनले शान्ति हरायो
कति धेरै पीडामा परिवर्तनले
आत्माको साथ परिवर्तनै भरियो।
उज्यालो भन्छु सधैं हुन्छ एक
किन इच्छाको यात्रा भने
इच्छाको यात्रा हुन्छ माथि
एक्लाबाससँग जीवनको बाटो।



लेखक:रशमी दनुवार
मोरफ नेपाल

## ।। मेरो आफ्नै बेग ।।

संसारका रङ्गहरूमा अटाउन के छ र त्यस्तो विशेष,
खोज्दै हिँड्छु म आफ्नै मनको नयाँ परिवेश।
नदी भैँ कञ्चन छ मन, आफ्नै धारमा बग्नु छ,
आफ्नै रुप र आफ्नै अस्तित्वको नयाँ पाना लेख्नु छ।
न बाँध मलाई तिम्रा रीत र सोचहरूमा,
आफ्नै मेरो सपना छ, आफैँभित्र छ एउटा देश।
न खोज मलाई तिम्रा घेराहरूमा,
आफ्नै बेगमा बगिरहने हुँ म रिधिकेश।



नाम- रिधिकेश झा
ठेगाना - बलरा नगरपालिका - ३ सर्लाही
हाल - :BBS अध्ययनरत 'किर्गिजस्तान'

## ।। तोहर याद ।।

साँझ पडति दिल उदास भए जाए,
तोहर याद मन में धीरे-धीरे आए।
हवा के हर झोंका तोहर नाम कहए,
जइना तोहर सनेस किछु हमरा तक लए आए।
आँखि में बसल अछि तोहर मुस्की के नूर,
ओहि में हर खुशी, हर सपना के भरपूर।
दूरी भले रहए, दिल त' नजदीक अछि,
तोहर बिना सब किछु अधूर-फीका लागि अछि।



नाम:कृष्ण कुमार झा
ठेगाना:नगराइन ५ गंगुली

## ।। आमा महान रहेछ ।।


पहिलो गुरु आमा जसले
नउ महिना कोखमा राखेर
बच्चा लाई जन्मदिन्छ
हुर्काउँछ बढाउ छ
हिडन सिकाउ छ
को आफ्नो को पराइ चिनाउँछ
हाथ समातेर हिडन सिकाउँ छ
के सही के गलत सिकाउ छ
आमा जसले आफै भोकभोकै रहेर
बच्चा लाई ख्वाउछ
आफु अनपढ़ रहेर बच्चा लाई पढ़ाउछ
आमा जसले बच्चाको लागि अफ्नो
हरेक सपना चक्ना चुर गरेर
बच्चाको भविष्य बनाउ छ
हरेक दुखको घडीमा आमा साथ दिन्छ
साच्चि नै आज त मातातीर्थ औंसी
तर हामी जस्ता धेरै युवा युवती
आफ्नो देश छोडी परदेश पलान भएको छ
बस आमा को सम्झाना मात्र रहेछ
आमा महान रहेछ आमा महान रहे छ



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## 'जीवनको आधार: मेरी आमा'

आमाको मुख हेर्ने दिन, पवित्र यो अवसर,
मनमा छ उमंग, हृदयमा सम्मानको बहर।
तपाईंको न्यानो स्नेह, औंला समाई डोर्याएको बाटो,
ती दुखका पलहरु, हाँसोमा बदल्न लगाउनुहुन्थ्यो साटो।
कहिलेकाहीँ रिसाउँदा, कहिलेकाहीँ फकाउँदा,
जिन्दगीको पाठ, हरेक मोडमा सिकाउनुहुन्थ्यो बुझाउँदा।
काखमा सुताउँदा, मिठो गाँस खुवाउँदा,
सन्तानको खुसीमा, आफ्ना खुसी बिर्सनुहुन्थ्यो रमाउँदा।
तपाईंका आँखाका तारा, हामी हौं सधैँभरि,
तपाईंको काख प्यारो, स्वर्गीय जस्तै लाग्छ घरीघरी।
आजको यो दिनमा, तपाईंकै तस्बिर मनमा सजाउँछु,
आमाको ममतालाई, शब्दमा उतारी गुणगान गाउँछु।
मलाई थाहा छ, तपाईंका आशिक सधैँ मसँगै रहनेछन्,
जीवनका हरेक बाधालाई, पन्छाउन मलाई शक्ति दिनेछन्।
कहिलेकाहीँ चोट लाग्दा, मन रुँदा,
तपाईंको न्यानो काखले सबै दुख बिर्साउँथ्यो सुविस्ता।
तपाईंको माया, कहिल्यै नसकिने भण्डार,
जीवनको हरेक यात्रामा, तपाईंकै सहाराको छ दरकार।
आज आमाको मुख हेर्दै, मन भरिएर आउँछ,
तपाईंको त्याग र बलिदान, सम्झिँदा नतमस्तक बनाउँछ।
संसारका सारा सुख, तपाईंकै पाउमा राखिदिऊँ जस्तो छ,
तर तपाईंको ममताको बदला, केहि पनि हुन सक्दैन थाहा छ।
त्यसैले, आजको दिनमा, यति भन्छु मात्र,
मेरी आमा, तपाइँ नै मेरो सर्वस्व, जीवनको आधार पात्र।



लेखक : मो.आमिर हुसैन
ठेगाना : जनकपुरधाम १५ लोहना

## ।। केही दिनका कुरा ।।

सबैले मलाई तोडिदिए,
तर म अझै पूरै ढलेको छैन।
भित्र कतै सानो उज्यालो छ,
जसले मलाई बाँच्न सिकाएको छ।
विश्वास दिएँ, धोका पाएँ,
माया दिएँ, टाढा भए सबै।
हासो बाँडेँ, आँसु फर्के,
यही रहेछ जीवनको खेप सबै।
साथ खोज्दा एक्लोपन भेटियो,
आफ्ना खोज्दा पराया भए।
तर यी चोटहरूले नै मलाई,
झन् बलियो बन्न सिकाए।
अब म आफैँलाई सम्हाल्छु,
आफैँलाई माया गर्न सिक्छु।
किनकि अन्तिममा साथ दिने,
म आफैँ हुँ–यो सत्य बुझ्छु।



लेखक रोहन भुजेल
जनकपुर -४

## ।। टुहुरो ।।

यो टुहुरोको जीवन कस्तो
टु+ हुरो मा रहेको,
हुँरो शब्द झै जीवन अपुरो ।
बिर्स्या छैन आमा तिमीले मलाई
९-९ महिना गर्भमा राखेको
मलाई खुसी पार्न र मेरो पेट भर्न
तिमी कैयौं रात भोकभोकै सुतेको ।
कि बिर्स्या छैन आमा तिमीले
मलाई डोकोमा घाँसको भारी
माथि राखी, वनको उकाली र
ओराली गरेको,मलाई खुसी पार्न
र मेरो पेट भर्नकै लागि
तिमी कैयौ रात भोकभोकै सुतेको ।
भनिन्छ बाआमाको माया
छोराछोरीमा अथाह हुन्छन
तर आमा तिम्रो झैँ माया
बा को उस्तै कहाँ हुन्छ ।
आमा तिमीलाई खोज्न म
सारा संसार धाए तर पनि
खोजेर मैले खै तिमीलाई कहाँ नै पाएँ।
आमा सपना त थियो
ठूला ठूला पहाड चढ्ने
तर के गर्नु नसिबमै थिएन
तिमीलाई आफ्नो अगाडि देख्ने ।



लेखक: पर्वत राज रखल (पर्साल धनुषा)
ठेगाना : ग.चा.न.पा.१ (धनुषा)

## ।। अर्पण ।।

आम मानवलाई मानवमा मानवता भन्दा,
ढुङ्गामा देवत्व भेटाउन मन पर्छ।
ढुङ्गालाई चोट लाग्दा झिल्का निस्कन्छ,
तर प्राणीलाई चोट लाग्दा रगत बग्छ।
मानवको नजरमा ढुङ्गामा देव देखिन्छ,
र मन्दिरको अगाडिको भिखारीमा दानव।
मानवमा मानवता अनि देवमा दैवत्व, दुवैको कमी छ।
न त देवले मानवमा मानवता भर्न सके,
न त मानवले ढुङ्गामा दैवत्व नै भर्न सके।
मानवद्वारा निर्मित ढुङ्गाको देवले
न त भिखारीको गरिबीपन हटाउन सक्यो,
न त भोकोलाई अन्न, नाङ्गोलाई बस्त्र दिन सक्यो,
न त सबै मानवलाई समान बनाउन सक्यो,
न त मानवलाई मानव नै बनाउन सक्यो।
अर्थहीन यो छ कि)
मानवको जीवन देव अर्पण,
देवको नाममा आत्मसमर्पण।
आइतबार ढुङ्गालाई फलफूल र दूध अर्पण
मंगलबार भोको पेटको अगाडि
भोकै भएर देबलाई आत्मसमर्पण।।



नाम : प्रिन्स काफ्ले
ठेगाना : नयाँ ठिमी , भक्तपुर

# 'मास्टर्नी'को जग हँसाउने घोषणा, रिलिजअघि नै भनियो– '२०२६ को ब्लकबस्टर'




काठमाण्डु । नेपालीमा एउटा चर्चित उखान छ, 'कहीँ नभएको जात्रा हाँडीगाउँमा ।' संसारको कुनै पनि देशमा नदेखिने अनौठो किसिमको जात्रा काठमाडौंको हाँडीगाउँमा हुने भएकाले यो उखान बनेको हो । नेपाली फिल्म क्षेत्रमा पनि बेला बखतमा यो लोकोक्ति चरितार्थ हुने गरेको छ । कहिले निर्देशक बिना नै फिल्म घोषणा हुन्छ त कहिले मुख्य विधा हटाएर अवार्ड बाँडिन्छ ।

मंगलबार एउटा फिल्मले गरेको घोषणा पनि हाँडीगाउँको जात्राजस्तै विचित्रको छ । नयाँ वर्षको अवसरमा मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच फिल्म ' मास्टर्नी'को प्रदर्शन मिति र फर्स्टलुक टिजर सार्वजनिक गरिएको थियो । त्यसमध्ये टिजरले धेरैलाई अचम्मित तुल्याएको छ । किनकि, टिजरमा फिल्मलाई रिलिजअघि नै ब्लकबस्टर घोषणा गरिएको छ ।

भदौ १२ गते (जनै पूर्णिमा)लाई प्रदर्शन मिति तय गरिएको फिल्मको टिजरमा भनिएको छ, '२०२६ को सबैभन्दा ठूलो ब्लकबस्टर ।' सम्भवतः प्रदर्शन अगावै ब्लकबस्टर घोषणा गरिएको यो विश्वकै पहिलो फिल्म हो । यो घोषणाले फिल्मप्रति निर्माताको आत्मविश्वास देखाए पनि रिलिजअघि नै गरिएको यस्तो दाबी हास्यास्पद र 'स्टन्टबाजी' देखिन्छ ।

कुनै पनि फिल्मले 'बिगेस्ट ब्लकबस्टर'को ट्याग तब मात्र पाउँछ, जब त्यो आफ्नो रिलिज वर्षमा सर्वाधिक कमाइ गर्ने फिल्म बन्छ । उदाहरणको रुपमा गत वर्षको 'बिगेस्ट ब्लकबस्टर' फिल्म 'परान' हो । वर्षमा १० प्रतिशत फिल्मले पनि लगानी उठाउन नसकेको परिपेक्षमा कुनै पनि फिल्मलाई प्रदर्शनभन्दा अघि नै 'ब्लकबस्टर' घोषणा गर्नु भनेको जग हँसाउनु र आत्मरतिमा रमाउनु मात्र हो ।

सुभेन्दू घोषको निर्देशनमा बनेको ' मास्टर्नी'लाई अभिनेत्री प्रियंका कार्कीले निर्माण गरेकी हुन् । यसमा उनी स्वयंको मुख्य भूमिका रहेको छ भने सरोज खनाल, प्रमोद अग्रहरी, आर्यन सिग्देल, अनुप विक्रम शाही, गौरी मल्ल, सिम्रन खड्का, विशाल पहारी, रक्षा थापा लगायतको पनि अभिनय छ । फिल्ममा प्रियंकासहित आयुष्मान जोशी, क्याबिनेट श्रेष्ठ र प्रनित कार्की निर्मातामा छन् । फिल्मीखबर

# फिल्ममा फर्किन लागेका हुन् सलिनमान ?

काठमाण्डु । अभिनेता सलिनमान बनियाँले डेब्यू फिल्म 'ए मेरो हजुर २'बाट ठूलो लोकप्रियता हासिल गरे । यसमा उनको अभिनयको आलोचना भए पनि लुक्स, ड्रेसअप र हेयर स्टाइलका कारण उनी दर्शकसँगै निर्माताको नजरमा परेका थिए । यो फिल्मपछि उनको माग ह्वात्तै बढेको थियो । त्यसबेला उनलाई निर्माताहरू एक फिल्मबापत २५-३० लाखसम्म पारिश्रमिक तिर्न तयार थिए ।

आफ्नो ठूलो मागका बाबजुद पनि उनले 'ए मेरो हजुर २'पछि एउटा मात्र फिल्म गरे, 'यात्राः अ म्यूजिकल भ्लग' । तर, यो फिल्म व्यावसायिक रुपमा सफल हुन सकेन । यसपछि उनले फिल्ममा काम नगरेको करिब ७ वर्ष भइसकेको छ। बीचमा उनलाई थ ु प ै फिल्मबाट अभिनयको प्रस्ताव पुगेको भए पनि स्क्रिप्ट र चरित्र मन नपरेका कारण काम गर्न अस्वीकार गरेका थिए । अब भने सलिन फिल्ममा कमब्याक गर्ने तयारीमा देखिएका छन् ।

उनलेमंगलबार
न य ा ँ

वर्षको अवसरमा सामाजिक सञ्जालमा गरेको एक पोस्टले फिल्ममा कमब्याकको प्रस्ट संकेत गर्छ । उनले लेखेका छन्, 'कहिलेकाहीँ दूरी अन्त्य होइन, तयारी हुन्छ । केही समयको पर्खाइपछि । नयाँ वर्षले केही पुराना रंगहरू फेरि जिउँदो पार्न खोज्दैछ ।'



सलिनले उक्त पोस्टमा आफ्ना केही आकर्षक तस्वीरहरू पनि राखेका छन् । जसमा उनले हातमा चुरोट र मदिरासहितको गिलास लिएका छन् भने गर्धनको दुवै भागमा विभिन्न आकृतिका ट्याटु देखिन्छन् । सम्भवतः उनको यो लुक्स फिल्मको हो । तस्वीरहरू हेर्दा फिल्ममा उनी स्टाइलिस ग्याङस्टरको भूमिकामा देखिन लागेको अनुमान गर्न सकिन्छ ।

२०८० सालमा सलिनले फिल्म 'युनिभर्सिटी अफ गुण्डाज् 'बाट कमब्याक गर्न लागेको खबर बाहिरिएको थियो । यो फिल्मलाई सलोन बस्नेतले निर्माण गर्ने भनिएको थियो । अब सलिनले यही फिल्म गर्न लागेका हुन् वा अर्को भन्नेबारे आधिकारिक जानकारी प्राप्त भएको छैन । यद्यपि, नयाँ फिल्ममा सलिन र सलोनबीच नै सहकार्य हुन लागेको स्रोतले जनाएको छ । फिल्मीखबर

# ‘पूर्वमेयर प्रधानमन्त्री हुँदा महानगरको प्रतिष्ठा बढ्यो’



**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डु महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सरकार कामपाबीच सहरी विकास र व्यवस्थापनका विषयमा सहकार्य र समन्वय गर्ने सहज वातावरण निर्माण भएको बताएकी छन् ।

कामपाको ४८औँ कार्यपालिका बैठकमा उनले कामपाका पूर्वप्रमुख बालेन्द्र साह सङ्घीय सरकारको प्रधानमन्त्री रहनुका साथै सहरी विकास र व्यवस्थापन विज्ञका रूपमा कामपाका काम गरेका शिक्षामन्त्री सस्मित पोखरेल र भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्साल रहनुले काम गर्ने सहज वातावरण बन्दै गएको धारणा राखिन् ।

स्थानीय सरकार राम्ररी बुझेका व्यक्तित्वहरू नेपाल सरकारको प्रधानमन्त्री र मन्त्री पदमा रहनुले आगामी दिनमा समन्वय र सहकार्यका लागि सहज हुने कार्यवाहक प्रमुख डङ्गोलले विश्वास व्यक्त गरिन् । उनले भनिन्, ‘अहिले कामपाको प्रतिष्ठा बढेको छ । यो काठमाडौँको समृद्धिका लागि ठूलो अवसर पनि हो ।’

उक्त बैठकले विपद् व्यवस्थापन तथा क्षतिपूर्ति कोष सञ्चालन कार्यविधि, २०८२ र मेट्रोमार्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ गरी दुईवटा कार्यविधि स्वीकृत गरेको छ । तीनवटा कार्यविधि संशोधनका लागि सैद्धान्तिक सहमति प्रदान गरिएको छ । सहमति प्रदान गरिएका कार्यविधिहरूमा ‘श्रम बैंक सञ्चालन कार्यविधि, २०८० ’, ‘पर्यटन प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७८’ र ‘साझेदारी तथा लगानी ऐन, २०७९’ रहेका कामपा प्रशासन विभागका प्रमुख महेश काफ्लेले जानकारी दिए ।

उनका अनुसार एउटा कानुन, एउटा मापदण्ड र आठवटा कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान भएको छ । सहमति प्रदान गरिएका कानुनमा कार्यस्थलमा हुने लैङ्गिक हिंसालगायत अन्य सबै किसिमका लैङ्गिक हिंसाविरुद्धको कानुन रहेका उनले बताए ।

कार्यविधितर्फ होमस्टे (घरबास) दर्ता तथा नवीकरण कार्यविधि, सामुदायिक विद्यालय सार्वजनिक खरिद कार्यविधि, संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, प्रारम्भिक बालविकास केन्द्र तथा शिशु स्याहार केन्द्र सञ्चालन व्यवस्थापन कार्यविधि, विशेष शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, वैकल्पिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, शैक्षिक गुठी सञ्चालन तथा व्यवस्थापन कार्यविधि र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त सहर व्यवस्थापन कार्यविधि रहेका छन् ।

# थापालाई आधिकारिकता
# नेपालीकांग्रेसको समान्नतर गतिविधि अन्तय

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालीकांग्रेसको आधिकारिकता सभापति गगण तथाले पाएका छन । सर्वोच्च अदालतको अबेर राति आएको संक्षित फैस्लामा थापार्ला अधिकारिकता प्रदान गरेको छ । नेपालीकांग्रेसका अधिकारिकता सम्बन्धि तिन महिना देखि चलेको विवादको सर्वोच्च अदातले फैस्लाको क्रममा ८ ओटा अधार लिएको छ । अदालतले पूर्वबहादुर खड्काले विशेष महाधिवेशन बदर गर्नुपर्ने माग गर्दै दायर गरेको रिट निवेदन खारेज गरेको हो ।



**सर्वोच्चले**

**पदावधि सम्बन्धी व्यवस्था**

नेपाली कांग्रेस पार्टी केन्द्रीय समितिको तर्फबाट १४औं महाधिवेशनबाट निर्वाचित सभापति तथा कार्यवाहक सभापति समेतले दायर गरेको निवेदन इजलासमा पेश भएको

नेपाली कांग्रेसको विधान २०१७ को धारा १७ (१) र ४३ बमोजिम निर्वाचित केन्द्रीय समितिको पदावधि ४ वर्ष रहने र असाधारण स्थितिमा केन्द्रीय कार्यसमिति सकारण बढीमा एक वर्ष अवधि बढाउन सक्ने व्यवस्था रहेकोलाई अधार मानेको छ ।

म्याद समाप्तिको स्थिति

निवेदकहरूको कार्यकाल २०८२/०८/२८ मा समाप्त भइसकेकोमा केन्द्रीय कार्यसमितिले २०८२ माघ मसान्तसम्मका लागि म्याद थप गरेको तर सो अवधि समेत व्यतीत भइसकेको देखिएको।

**विशेष महाधिवेशनको माग विधिसम्मत**

विधानको धारा १७ (२) बमोजिम ४० प्रतिशत सदस्यहरूले लिखित अनुरोध गरेमा ३ महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने प्रावधान रहेकोमा, सोही बमोजिम मिति २०८२/०६/२९ मा दर्ता नम्बर १०१ को निवेदन मार्फत विशेष महाधिवेशनको माग गरिएको।

**कार्यतालिका अनुसार काम नभएको**

निवेदकहरूले १५औँ महाधिवेशन २०८२ पौष २६-२८ मा गर्ने गरी २०८२/०८/१५ मा कार्यतालिका प्रकाशित गरेकोमा पछि सो परिवर्तन गरी २०८३ बैशाख २८-३१ का लागि सारेको, जसले विशेष महाधिवेशन सम्पन्न गर्न निवेदकहरू उदासीन रहेको देखिएको।

विशेष महाधिवेशन वैधानिक

विधान बमोजिम मिति २०८२/०९/२३ मा सूचना प्रकाशित गरी २०८२ पौष २७ र २८ मा काठमाडौँको भृकुटीमण्डपमा विशेष महाधिवेशन सम्पन्न गरेको र सोको जानकारी निर्वाचन आयोगलाई गराएको देखिएको।

**निर्वाचन आयोगको निर्णय कानुनसम्मत**

विशेष महाधिवेशनको माग बाध्यात्मक रहेको र सोबाट भएको निर्णय तथा पदाधिकारी हेरफेरलाई राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम निर्वाचन आयोगले जाँचबुझ गरी अद्यावधिक गरेकोमा कुनै कानुनी वा कार्यविधिगत त्रुटि नदेखिएको।

मुख्य सचिव कृष्णप्रसाद पौडेलले पठाएको पत्रलाई ऐनको दफा ४३ र ४४ अन्तर्गतको उजुरी मान्न नमिल्ने अवस्था रहेको ।

**गगन थापा वैध**

प्रमुख पदाधिकारीको रूपमा गगन कुमार थापाको हस्ताक्षरबाट २०८२ फागुन २१ मा संघीय संसदको प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवार मनोनयन भई निर्वाचन समेत सम्पन्न भई राजनीतिक वैधता पाइसकेको अवस्था देखिएको।

**निवेदन खारेजी**

विशेष महाधिवेशनको विज्ञप्ति र काम कारबाही बदर गर्नुपर्ने औचित्य समाप्त भइसकेको र निर्वाचन आयोगको निर्णय ऐनको दफा ४६ (२) बमोजिम अन्तिम हुने देखिएकाले, रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने अवस्था नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ।

# आर्थिक कूटनीति र सेवा प्रवाह सुधारबारे छलफल




काठमाण्डु । परराष्ट्र मन्त्रालयले बिहीबार पश्चिम एशिया र अफ्रिकास्थित नेपाली कूटनीतिक नियोगका प्रमुख तथा उपप्रमुखहरूसँग ‘भर्चुअल’ माध्यमबाट छलफल गरेको छ ।

त्यस अवसरमा परराष्ट्रमन्त्री शिशिर खनालले सुदृढ आर्थिक कूटनीतिमार्फत सुशासन र आर्थिक समृद्धि हासिल गर्नु सरकारको मुख्य प्राथमिकता भएको बताउनुभयो ।

उहाँले सोहीअनुसार नियोगहरूलाई आफ्ना गतिविधि सञ्चालन गर्न निर्देशन दिँदै नवप्रवर्तन र ‘डिजिटल’ प्रविधिको प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन आग्रह गर्नुभयो ।

परराष्ट्र सचिव अमृतबहादुर राईले प्रभावकारी सेवा प्रवाहमा जोड दिँदै आर्थिक कूटनीति प्रवर्द्धन गर्न र प्रविधिको उपयोगमार्फत कार्यक्षमता बढाउन आग्रह गर्नुभयो ।

साथै सम्बन्धित देशमा कार्यरत राजदूत, महावाणिज्यदूत तथा कार्यवाहक राजदूतहरूले ती देशको वर्तमान अवस्थाबारे जानकारी गराउँदै नेपाली नागरिकको सुरक्षास्थिति, सेवा प्रवाहको अवस्था, समस्या समाधान गर्न अपनाइएका नवीन अभ्यास तथा नियोगका प्राथमिकताबारे जानकारी दिनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । रासस

# सभापति चयन गर्न बाह्र वटा समितिका बैठक हुँदै

काठमाण्डु । सङ्घीय संसद्का १२ वटा विषयगत समितिका सभापति चयन गर्न आज समितिका बैठक हुँदैछन् । प्रतिनिधिसभाका एकल १० र संयुक्त (प्रतिनिधिसभा र राष्ट्रियसभा) दुई गरी १२ समितिका सभापतिको निर्वाचन हुन लागेको हो ।

प्रतिनिधिसभाको अर्थसमितिको सभापतिमा डा कृष्णहरि बुढाथोकी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुम्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहवर अन्सारी, कानुन, न्याय तथा मानव अधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्यव्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र सार्वजनिक लेखासमितिको सभापतिमा भरतबहादुर खड्काको मनोनयन दर्ता भएको छ ।

महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी, पूर्वाधार विकास समितिमा आशिष गजुरेल र कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा अशोक चौधरीले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्यस्तै, शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका डा ओजस्वी शेरचन र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गुरुप्रसाद बरालको मनोनयन दर्ता भएको छ ।



सङ्घीय संसद्को संयुक्त समितिका रुपमा रहेको संसदीय सुनुवाइ समितिको सभापतिमा बोधनारायण श्रेष्ठ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति सभापतिमा रास्वपाका गणेश कार्की र नेपाली कम्युनिष्ट पार्टीका सांसद मदनकुमारी शाह (गरिमा) को उम्मेदवारी दर्ता भएको छ ।

निर्वाचित सभापतिहरूको शपथ शुक्रबार साँझ भएको थियो । उहाँहरूलाई सभामुख डोलप्रसाद अर्यालले शपथ गराउनु भएको छ । रासस

# साउदी र युएईसँग सहकार्य विस्तारबारे छलफल

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि साउदी अरब र संयुक्त अरब इमिरेट्स (युएई) का राजदूतले बेग्लाबेग्लै शिष्टाचार भेट गर्नुभएको छ ।

परराष्ट्र मन्त्रालयलका अनुसार दुवै देशका राजदूतहरूले मन्त्री खनाललाई बुधबार उहाँको कार्यकक्षमा भेट गर्नुभएको हो ।



साउदी राजदूत फहद मोहम्मद ए. मनिखसँगको भेटमा दुई देशबीचको सहकार्यलाई अझ विस्तार गर्ने तथा नेपालको सामाजिक-आर्थिक विकासका विभिन्न क्षेत्रमा साउदी लगानी आकर्षित गर्ने विषयमा छलफल भएको थियो।

त्यसैगरी, युएईका राजदूत अब्दुल्ला अल शाम्सीसँगको भेटमा नेपाल-यूएईबीचको दीर्घकालीन सम्बन्ध सुदृढ बनाउने विषयमा विचार आदानप्रदान भएको थियो ।

उहाँहरूबीच आर्थिक साझेदारी अभिवृद्धि, नयाँ सहकार्यका क्षेत्र पहिचान गर्ने तथा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय तहमा सहयोग बढाउने विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । रासस

# वाम एकताभन्दा आत्मसमीक्षा आवश्यक : प्रदीप ज्ञवाली



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) नेता प्रदीप ज्ञवालीले संस्थागत निर्णयबीनै वामपन्थी एकताको चर्चा सुरु भएको भन्दै अहिलेको मुख्य आवश्यकता दलहरूले आफैभित्र नियाल्ने, मन्थन गर्ने र सुधार गर्ने भएको बताएका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ बीच भएको भेटपछि वाम एकताको चर्चा चुलिएसँगै ज्ञवालीले सामाजिक सञ्जालमार्फत यस्तो प्रतिक्रिया दिएका हुन् ।

उनले वर्तमान चुनौती वामपन्थी वा कम्युनिष्ट आन्दोलनको सीमाभित्र मात्र नरहेको उल्लेख गर्दै नेपालले लामो संघर्षपछि हासिल गरेको प्रगतिशील लोकतान्त्रिक स्पेस साँघुरिँदै गएको बताएका छन्। साथै सर्वसत्तावादी शासनशैलीतर्फ झुकाव बढ्दै गएको, सामाजिक सुरक्षा र न्यायसहितको लोककल्याणकारी अर्थतन्त्रको सट्टा नवउदारवादी बजारमुखी प्रवृत्ति हाबी हुँदै गएको उनको भनाइ छ ।

ज्ञवालीले स्थापित विधि, कानुनी प्रणाली र लोकतान्त्रिक संस्थाको स्थानमा ‘तिलस्मी नायक’हरूले चमत्कारिक रूपमा सुनौलो दिन ल्याइदिने भ्रमले समाजको ठूलो हिस्सा प्रभावित भइरहेको टिप्पणी गरेका छन्। त्यसैले अहिलेको संकटलाई फराकिलो दृष्टिकोणबाट हेरेर सोहीअनुसार नीति अवलम्बन गर्नुपर्ने उनले बताएका छन् ।

उनले एमालेसहित सबै राजनीतिक दल समीक्षा प्रक्रियामा रहेको उल्लेख गर्दै एमालेले पनि धक्का खाएको, विभिन्न समूह एकीकृत गरेर बनेको नेकपाले पनि चुनौती भोगेको र विद्रोहबाट बनेका अन्य शक्तिहरूले समेत समस्या झेलेको बताएका छन् ।

ज्ञवालीका अनुसार अहिलेको पहिलो कदम संकटको गाम्भीर्यबोध, निर्मम आत्मसमीक्षा, व्यापक सुधार र पुनर्गठनको विधिवत् प्रक्रिया अघि बढाउनु हो ।

# सरकारलाई हर्क साम्पाङको खुलापत्र

**टुडे समाचारदाता**

सुनसरी । सुनसरी क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य तथा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले नेपाल सरकार र कानुन मन्त्रीलाई सम्बोधन गर्दै एक खुलापत्र लेखेका छन्। उनले देशको विकास नहुनुको मुख्य जड प्रशासनिक अल्झन र कर्मचारी संयन्त्रको कार्यशैली रहेको औँल्याउँदै कानुनी प्रणालीमै ठुलो शल्यक्रियाको आवश्यकता रहेको बताएका हुन् ।

सांसद राईले कर्मचारी संयन्त्रले जनप्रतिनिधिलाई नपत्याउने, निर्देशनको अवज्ञा गर्ने र प्रक्रियाको नाममा कामलाई निकै ढिलासुस्ती गर्ने गरेको आरोप लगाएका छन्। प्रशासनिक र प्रक्रियागत जटिलतालाई क्यान्सरको संज्ञा दिँदै उनले यस्तो गुजुल्टिएको कानुनी गाँठोलाई फुकाउन ऐन संशोधनको विकल्प नरहेको जिकिर गरेका छन् ।



उनले पत्रमार्फत सरकारलाई दुई वटा मुख्य सुझाव दिएका छन्। पहिलो, अटेरी कर्मचारीलाई आज्ञाकारी बनाउन अहिलेको स्थायी नियुक्तिको व्यवस्थालाई पूर्ण रूपमा खारेज गरी करार व्यवस्था लागू गरिनुपर्ने। दोस्रो, प्रक्रियामै वर्षौं बित्ने झन्झटिला कानुनहरू खारेज गरेर विकासमैत्री, सरल र सहज कानुन निर्माण गरिनुपर्ने ।

हर्क साम्पाङले आफ्नो पत्रमा यस्ता परिवर्तनका लागि आवश्यक पर्ने सुझाव, सहयोग र सहकार्यका लागि आफू र आफ्नो पार्टी सदैव तयार रहेको समेत उल्लेख गरेका छन् ।

# कानुनको अध्ययन गर्दै गृहमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । उच्च पदस्थलाई अदालतले छाडेकोप्रति गृहमन्त्री सुधन गुरुङले असन्तुष्टि जनाएका छन् । गृहमन्त्री बनेलगत्तैदेखि आफूले सुशासन कायम गर्ने कुरालाई प्राथमिकता दिएको बताउँदै उनले कार्की आयोगको प्रतिवेदनलाई पनि तत्कालै कार्यान्वयनमा लगिएको बताए । तर, अदालतबाट आरोपित छुटेको विषयमा चाहिँ उनले असन्तुष्टि जनाए छ ।

’मलाई लागेको थियो, सबैभन्दा ठूलो मन्त्री हो, यहाँबाट सबै सुधार्न सकिन्छ,’ उनले भने, ’तर, होइन रहेछ, आजभोलि मलाई ठूलो त जज (न्यायाधीश) लाग्न थालेको छ ।’

आफूले अहिले विगतको घटनाबारे सिकेको भन्दै अदालतले नछाड्ने गरी कारबाही कसरी गर्ने भन्ने विषयमा अध्ययन थालेको उनले बताए । ’म अहिले रातिरातिसम्म पनि कानुनका किताबहरु पढेर बस्न थालेको छु,’ बिहीबार बेलुकी पत्रकारहरूसँग कुरा गर्दै भने, ’मैले प्रहरीलाई अदालतबाट नछुट्ने गरी तयारी गर्नुस् भनिसकेको छु ।’



गुरुङले कानुनी विषय अध्ययनका लागि छुट्टै टोलीसमेत बनाइसकेको भन्दै अबदेखि त्यस्तो नदोहोरिनेसमेत बताए ।

२३ र २४ भदौको घटनाबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले गरेको सिफारिस कार्यान्वयन गर्न भन्दै प्रहरीले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेको थियो । तर, अदालतलको आदेशपछि उनीहरू छुटेका थिए ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धानका लागि पक्राउ परेका पूर्वमन्त्री दिपक खड्का समेत अदालतको आदेशमा छुटेका थिए ।

# म्यान्मा : नयाँ वर्षमा कैदी रिहाइ, तर राजनीति यथावत्

रासस/एपी । म्यान्मामा परम्परागत नयाँ वर्षको अवसरमा हजारौँ कैदीहरू रिहा गरिए पनि राजनीतिक बन्दीहरूको भविष्य भने अझै अन्योलमै देखिएको छ। सैनिक नेतृत्वले आम माफी घोषणा गर्दै चार हजार ५०० भन्दा बढी कैदीलाई रिहा गरेको जनाएको छ, तर प्रमुख विपक्षी नेता तथा सैन्य शासनविरुद्ध उभिएका हजारौँ व्यक्तिहरू यस निर्णयबाट बाहिरै राखिएको सङ्केत देखिएको छ।

राष्ट्रपति मिन आङ ह्लाइङले नयाँ वर्षको उपलक्ष्यमा माफी आदेश जारी गर्नुभएको हो। राज्य सञ्चालित एमआरटिभी टेलिभिजनका अनुसार चार हजार ३३५ कैदीहरूलाई पूर्ण माफी दिइएको छ भने करिब १८० विदेशी कैदीलाई पनि रिहा गरी देशनिकाला गरिने व्यवस्था गरिएको छ। साथै अन्य कैदीहरूको सजायसमेत घटाइएको छ, जसअनुसार मृत्युदण्डलाई आजीवन कारावासमा, आजीवन कारावासलाई ४० वर्षमा र ४० वर्षभन्दा कम सजायलाई करिब एक-छैटौँ (झण्डै १७ प्रतिशत) ले घटाइएको छ।

रिहा गरिएका व्यक्तिहरूको पहिचान तत्काल सार्वजनिक गरिएको छैन। याङ्गुनको इन्सेन जेलबाहिर भने बिहानदेखि नै कैदीका आफन्त र साथीभाइहरू भेला भएर आफ्ना प्रियजनहरूको प्रतीक्षामा बसेका थिए। तर यस माफीमा पूर्व नेता आङ सान सुकी समावेश हुने वा सैन्य शासनविरुद्ध आन्दोलनका क्रममा पक्राउ परेका हजारौँ राजनीतिक बन्दीहरू छुट्ने कुनै स्पष्ट सङ्केत देखिएको छैन।

सुकीलाई लगाइएको २७ वर्षको सजायमा यो माफीअन्तर्गत करिब साढे चार वर्ष घट्ने अनुमान गरिएको छ, तर पूर्ण रिहाइको सम्भावना भने देखिएको छैन। देशभित्र राजनीतिक बन्दीहरूको ठूलो सङ्ख्या अझै जेलमै रहेको मानवअधिकारकर्मीहरूको भनाइ छ।

यो माफी हालै सम्पन्न विवादास्पद निर्वाचनपछि आएको हो। आलोचकहरूले उक्त चुनाव स्वतन्त्र र निष्पक्ष नभएको दाबी गर्दै त्यसलाई सेनाले आफ्नो सत्ता कायम राख्न योजनाबद्ध रूपमा प्रयोग गरेको आरोप लगाएका छन्। चुनावपछि एक हप्तामै माफी घोषणा हुनु पनि राजनीतिक सन्देशसँग जोडिएको रूपमा हेरिएको छ।

आफ्नो उद्घाटन भाषणमा मिन आङ ह्लाइङले सामाजिक मेलमिलाप, न्याय र शान्तिलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस्ता माफीहरू कार्यान्वयन गरिने बताउनुभएको थियो। तर व्यवहारमा भने राजनीतिक असन्तुष्टहरूलाई समेट्ने सङ्केत नदेखिएकाले आलोचना भइरहेको छ।

म्यान्मामा विशेष अवसरहरूमा कैदी रिहा गर्ने परम्परा पुरानै भए पनि अहिलेको सन्दर्भमा यसको राजनीतिक अर्थ फरक रूपमा व्याख्या भइरहेको छ। सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि देशभर व्यापक विरोध प्रदर्शन भएको थियो, जुन क्रमशः सशस्त्र द्वन्द्वमा परिणत भएको छ।

अधिकार अनुगमन संस्था असिस्टेन्स एसोसिएसन फर पोलिटिकल प्रिजनर्सका अनुसार सैनिक हस्तक्षेपपछि हालसम्म करिब आठ हजार सर्वसाधारण मारिएका छन्।

# रूसतर्फ अफ्रिकी किसान सार्ने पहल



रासस/एएफपी । दक्षिण अफ्रिकी श्वेत किसानहरूलाई रूसमा पुनःस्थापित गर्ने पहल सार्वजनिक भएसँगै अन्तर र्राष्ट्रिय राजनीति, आप्रवासन नीति र जातीय बहस एकैसाथ तातिएको छ। टेक अर्बपति एलन मस्कका पिता एरोल मस्कले दक्षिण अफ्रिकी किसानहरूलाई रूसी भूमिमा शरणार्थीको दर्जा दिलाउने परियोजनामा काम गरिरहेको जानकारी दिनुभएको छ। यो पहल अमेरिकी सरकारको समान कार्यक्रमसँग समानान्तर रूपमा अघि बढिरहेको देखिएको छ।

टेलिफोनमार्फत मस्कोबाट एएफपीसँग कुरा गर्दै एरोल मस्कले यो योजना दक्षिण अफ्रिकी किसानहरूलाई शरणार्थीका रूपमा रूसमा बसोबास गराउने उद्देश्यले अघि बढाइएको स्पष्ट पार्नुभयो। रुसी अधिकारीहरूका अनुसार प्रारम्भिक चरणमा डच मूलका श्वेत अफ्रिकानर समुदायका करिब ५० परिवारलाई रूसमा पुनःस्थापित गर्ने तयारी भइरहेको छ।

यही समूहलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले पनि शरणार्थीको रूपमा संयुक्त राज्य अमेरिकामा बसोबास गराउने प्रस्ताव अघि सारेको थियो। उक्त प्रस्तावमा रङ्गभेदपछिको दक्षिण अफ्रिकी सरकारले श्वेत अल्पसङ्ख्यकलाई सताएको भन्ने दाबी गरिएको थियो, जसलाई दक्षिण अफ्रिकी सरकारले पूर्ण रूपमा अस्वीकार गर्दै आएको छ। ट्रम्प प्रशासनले गत वर्ष जनवरीमा पदभार ग्रहण गरेपछि करिब पाँच हजार श्वेत अफ्रिकीहरूलाई शरणार्थीका रूपमा अमेरिका प्रवेश गराइसकेको छ भने अन्य समूहका लागि शरणार्थी कार्यक्रमहरू रोकेको छ।

देशभित्र कुनै जातीय भेदभाव नरहेको दाबी गर्दै आएको प्रिटोरिया (अफ्रिकी सरकार) लाई अमेरिकी नीतिले असन्तुष्ट बनाएको छ। यसैबीच रूसमा अघि बढाइएको नयाँ पहलले पनि दक्षिण अफ्रिका र रूसबीचको सम्बन्धमा प्रभाव पार्न सक्ने विश्लेषण हुन थालेको छ।

रूसको भ्लादिमिर क्षेत्रका गभर्नर अलेक्सान्डर अभ्डेयेभले एरोल मस्कसँग यस परियोजनाबारे छलफल भएको पुष्टि गर्दै कृषि विकाससँगै दक्षिण अफ्रिकाबाट आएका परिवारहरूलाई बसोबास गराउने सम्भावनाबारे कुराकानी भएको बताउनुभयो। उहाँले सामाजिक सञ्जाल टेलिग्राममार्फत करिब ५० परिवारलाई बसोबास गराउने विषयमा छलफल भएको जानकारी दिनुभयो।

एरोल मस्क नियमित रूपमा रूस भ्रमण गर्ने व्यक्तिका रूपमा चिनिनुहुन्छ र हालै उहाँले मस्कोमा आयोजित अर्थोडक्स इस्टर धार्मिक कार्यक्रममा पनि सहभागिता जनाउनुभएको थियो, जहाँ रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको उपस्थिति रहेको थियो। उहाँले रुसी सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा दक्षिण अफ्रिकी श्वेत किसानहरू हत्या तथा हिंसाको जोखिममा रहेको दाबी गर्दै परियोजनालाई उचित ठहराउने प्रयास गर्नुभएको थियो, तर यस्ता आरोपहरू दक्षिण अफ्रिकी सरकारले कडा रूपमा अस्वीकार गर्दै आएको छ।

यसैबीच एलन मस्कले पनि दक्षिण अफ्रिकामा आफ्ना व्यवसायिक गतिविधिहरूलाई लिएर असन्तुष्टि व्यक्त गर्दै आउनुभएको छ। उहाँले आफ्नो स्टारलिङ्क इन्टरनेट सेवाले लाइसेन्स नपाएको विषयलाई जातीय भेदभावसँग जोड्दै आलोचना गर्नुभएको छ। हालै सामाजिक सञ्जालमा उहाँले आफू कालो नभएकै कारण अनुमति नपाएको दाबी गर्नुभएको थियो, जसको दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाका प्रवक्ताले कडा खण्डन गर्दै त्यसलाई 'झुट र गलत सूचना' बताउनुभयो।

दक्षिण अफ्रिकामा रङ्गभेदपछिको असमानता कम गर्न बनाइएका कानूनअनुसार ठूला कम्पनीहरूमा कम्तीमा ३० प्रतिशत स्वामित्व ऐतिहासिक रूपमा वञ्चित समुदायलाई दिनुपर्ने व्यवस्था रहेको छ, जसले विदेशी लगानीकर्ताहरूका लागि केही जटिलता सिर्जना गर्ने गरेको छ।

एरोल मस्क स्वयं पनि विवादास्पद अभिव्यक्तिका कारण चर्चामा रहने व्यक्तिका रूपमा चिनिनुहुन्छ। गत वर्ष उहाँले रङ्गभेदकालीन उत्पीडनलाई अस्वीकार गर्ने अभिव्यक्ति दिनुभएको थियो, जसले व्यापक आलोचना निम्त्याएको थियो।

विश्लेषकहरूका अनुसार रूसतर्फ दक्षिण अफ्रिकी किसान सार्ने पहलले केवल आप्रवासनको विषय मात्र नभई भू-राजनीतिक सन्देश पनि बोकेको हुन सक्छ। साउथ अफ्रिकन इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्ससँग सम्बद्ध पूर्व अनुसन्धानकर्ता फ्रेडरिक भोन ट्रेस्कोले यस पहललाई 'चाखलाग्दो' भन्दै यसले प्रिटोरिया र मस्कोबीच तनाव सिर्जना गर्न सक्ने बताउनुभयो।

इतिहासतः दक्षिण अफ्रिका र रूसबीच घनिष्ठ सम्बन्ध रहँदै आएको छ। यो रङ्गभेदविरुद्धको आन्दोलनका बेला सोभियत सङ्घले अफ्रिकी नेसनल कंग्रेसलाई दिएको समर्थनसँग जोडिएको छ। तर हालका घटनाक्रमले दुवै देशबीचको सम्बन्ध नयाँ मोडमा प्रवेश गर्न सक्ने सङ्केत देखाएका छन्।

यसै सन्दर्भमा दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाले हालै युक्रेन युद्धमा संलग्न भएका आफ्ना नागरिकहरूलाई फिर्ता गराउन सहयोग गरेको भन्दै पुटिनप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो। तीमध्ये १५ जना स्वदेश फर्किसकेका छन्।

अर्कोतर्फ, हालै सार्वजनिक भएको एक अनुसन्धानात्मक रिपोर्टमा अफ्रिकी नेसनल कंग्रेसका महासचिव फिकिले मबलुलाले सन् २०२४ को आम निर्वाचनअघि रूसी प्रभावसँग सम्बन्धित व्यक्तिहरूसँग सहयोग लिएको उल्लेख गरिएको थियो। सोही रिपोर्टमा उहाँले पार्टी गतिविधिका लागि आर्थिक सहयोग माग गरेको दाबी पनि गरिएको छ, जसलाई उहाँले अस्वीकार गर्दै 'गलत सूचना अभियान' को संज्ञा दिनुभयो।

# नाजुक युद्धविरामबीच अनिश्चित शान्ति प्रयास



रासस/एपी । हप्तौँदेखि जारी विनाशकारी सङ्घर्षपछि इजरायल र लेबनानबीच १० दिनका लागि युद्धविराम सुरु भए पनि मैदानको अवस्था अझै अनिश्चित देखिएको छ। मध्यरातदेखि लागू भएको यो सहमति क्षेत्रीय तनाव कम गर्ने प्रयासको रूपमा प्रस्तुत गरिएको छ, तर जमिनमा जारी झडप, अस्पष्ट सर्तहरू र आपसी अविश्वासले यसको दीर्घकालीन प्रभावमाथि प्रश्न उठाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यो युद्धविरामको घोषणा गर्नुभएको हो। यद्यपि इजरायल प्रत्यक्ष रूपमा लेबनान सरकारसँग भन्दा पनि त्यहाँ सक्रिय इरानी समर्थित हिजबुल्लाह लडाकू समूहसँग युद्धरत रहेको तथ्यले सम्झौताको प्रभावकारितामाथि शङ्का उत्पन्न गरेको छ, किनकि उक्त समूह औपचारिक रूपमा सम्झौतामा समावेश छैन।

युद्धविराम सुरु भएसँगै बेरुतका विभिन्न स्थानमा बासिन्दाहरूले हर्ष प्रकट गर्दै हावामा गोली चलाएका थिए। तर यही बीचमा केही क्षेत्रमा गोलीबारी र आक्रमणका घटनाहरू जारी रहेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्। दक्षिणी लेबनानका खियाम र डिब्बाइन गाउँमा युद्धविराम लागू भएको आधा घण्टापछि पनि इजरायली गोलाबारी भएको रिपोर्ट सार्वजनिक भएको छ।

युद्धका कारण विस्थापित भएका लाखौँ मानिसहरू घर फर्कने प्रयासमा लागे पनि अधिकारीहरूले अवस्था पूर्ण रूपमा सुरक्षित नभएसम्म प्रतीक्षा गर्न आग्रह गरेका छन्। करिब १० लाख मानिस अझै विस्थापित अवस्थामा छन् र उनीहरूको सुरक्षित फिर्ती कहिले सम्भव हुन्छ भन्ने स्पष्ट छैन।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले शान्ति प्रयासलाई अगाडि बढाउन युद्धविराम स्वीकार गरिएको बताउनुभएको छ, तर इजरायली सेना दक्षिणी लेबनानबाट फिर्ता नहुने स्पष्ट पार्नुभयो। उहाँका अनुसार इजरायलले १० किलोमिटर क्षेत्रसम्म 'सुरक्षा क्षेत्र' विस्तार गरेको छ र त्यहाँबाट पछि हट्ने योजना छैन।

यसैबीच हिजबुल्लाहले आफ्नो भूमिमा रहेको इजरायली उपस्थितिलाई कब्जाको रूपमा व्याख्या गर्दै त्यसविरुद्ध प्रतिरोध गर्ने अधिकार कायम रहेको जनाएको छ। समूहले भविष्यको कदम परिस्थितिअनुसार निर्धारण गरिने सङ्केत दिएको छ, जसले युद्धविरामलाई थप जटिल बनाएको छ।

अमेरिकी विदेश मन्त्रालयले सम्झौताअनुसार इजरायललाई कुनै पनि सम्भावित वा जारी आक्रमणविरुद्ध आफूलाई जोगाउने अधिकार सुरक्षित रहेको जनाएको छ। तर अन्य अवस्थामा लेबनानी लक्ष्यहरूविरुद्ध आक्रामक सैन्य कारबाही नगर्ने उल्लेख गरिएको छ। यद्यपि यस व्यवस्थाले इजरायललाई आवश्यक ठानेको अवस्थामा कारबाही गर्ने स्वतन्त्रता दिने सङ्केत गरेको विश्लेषण गरिएको छ।

युद्धविराम सुरु हुनुअघि हिजबुल्लाहले उत्तरी इजरायलका सहरहरूमा रकेट आक्रमण जारी राखेको थियो भने मध्यरातअघि केही सीमावर्ती क्षेत्रमा हवाई हमलाका साइरन बजेका थिए।

यो सहमति वासिङ्टनमा भएको कूटनीतिक पहलपछि सम्भव भएको बताइएको छ। अमेरिकी प्रशासनका अनुसार इजरायल र लेबनानका प्रतिनिधिहरूबीच भएको छलफल, त्यसपछि भएका उच्चस्तरीय फोन वार्ताहरू र विदेश मन्त्रालयको सक्रिय भूमिकाले समझदारीको वातावरण तयार गरेको थियो। दशकौँपछि दुई देशबीच प्रत्यक्ष कूटनीतिक संवाद भएको पनि जनाइएको छ।

लेबनानले भने दीर्घकालीन वार्ताअघि युद्धविराम अनिवार्य शर्त रहेको बताउँदै आएको छ। साथै हिजबुल्लाहलाई निशस्त्र पार्ने विषयमा पनि प्रतिबद्धता जनाएको छ, यद्यपि यो प्रक्रिया जटिल र विवादास्पद बन्ने देखिएको छ।

सन् १९४८ मा इजरायल स्थापना भएदेखि नै दुवै देशबीच औपचारिक रूपमा युद्धकै अवस्था कायम रहेको छ। सन् १९८३ मा भएको एउटा शान्ति सम्झौता लेबनानको गृहयुद्धका कारण कार्यान्वयन हुन नसकी अन्ततः खारेज भएको थियो।

यसबीच क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा पनि कूटनीतिक गतिविधि तीव्र बनेका छन्। पाकिस्तानका सेना प्रमुखले इरानका उच्च अधिकारीसँग भेट गरी युद्धविराम विस्तारका लागि पहल गर्नुभएको छ। अमेरिका र इरानबीच पनि थप वार्ताको सम्भावना रहेको बताइएको छ, जसका लागि इस्लामाबादलाई सम्भावित स्थलको रूपमा हेरिएको छ।

तर तनाव अझै कायम छ। इरानले आफ्नो बन्दरगाहमाथि अमेरिकी नाकाबन्दी हटाउन चेतावनी दिएको छ भने जलमार्ग अवरुद्ध गर्ने धम्कीसमेत दिएको छ। यसले विश्वव्यापी तेल आपूर्ति र अर्थतन्त्रमा असर पारेको छ। युद्धका कारण तेलको मूल्यमा तीव्र उतारचढाव देखिएको छ भने विश्व बजारमा अस्थिरता बढेको छ।

यस सङ्घर्षमा हालसम्म हजारौँ मानिसको ज्यान गइसकेको छ। इरानमा कम्तीमा तीन हजार, लेबनानमा दुई हजारभन्दा बढी र इजरायलमा दुई दर्जनभन्दा बढी मानिस मारिएका छन्। साथै अन्य खाडी मुलुक र अमेरिकी सैनिकहरू पनि प्रभावित भएका छन्।

मध्यस्थकर्ताहरूले अहिले तीन प्रमुख मुद्दामा सहमति खोजिरहेका छन्– इरानको आणविक कार्यक्रम, स्ट्रेट अफ होर्मुजमार्फत हुने तेल आपूर्ति र युद्धबाट भएको क्षतिको क्षतिपूर्ति। यी विषयमा प्रगति भए मात्र दीर्घकालीन शान्ति सम्भव हुने विश्लेषकहरूको भनाइ छ।

अहिलेको अवस्थामा युद्धविरामले तत्कालका लागि राहत दिएको देखिए पनि यसको भविष्य अनिश्चित छ। साना घटनाले पनि फेरि ठूलो द्वन्द्व भड्किने जोखिम यथावत् रहेको छ।

# दक्षिण फिलिपिन्समा उग्रवादीमाथि कारबाही



रासस/एएफपी । दक्षिण फिलिपिन्समा इस्लामवादी उग्रवादी सञ्जालविरुद्ध सुरक्षा बलले सञ्चालन गरेको कारबाहीमा १० जना संदिग्ध लडाकू मारिएका छन्। पक्राउ गर्ने प्रयासका क्रममा उनीहरूले प्रतिरोध गरेपछि एक घण्टासम्म चलेको भीषण गोलीबारीमा उनीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घटना मुस्लिम जनसङ्ख्या बढी रहेको दक्षिणी क्षेत्रमा भएको हो। त्यहाँ इस्लामिक स्टेटबाट प्रेरित साना समूहहरू अझै सक्रिय रहेको बताइन्छ। सुरक्षा बलहरू बिहान हुनुअघि मारान्टाओ सहर नजिक पुगेका थिए, जहाँ मौटे-दौला इस्लामिया नामक सशस्त्र समूहका नेता आमेरोल मङ्गोरान्कालाई पक्राउ गर्ने योजना थियो।

मङ्गोरान्का र उनको समूहविरुद्ध हत्या, अपहरण तथा अन्य गम्भीर आपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा गिरफ्तारी वारेन्ट जारी गरिएको थियो। तर पक्राउ गर्ने प्रयाससँगै उनका समूहका सदस्यहरूले प्रतिरोध जनाएपछि सुरक्षाकर्मी र उग्रवादीबीच गोली हानाहान सुरु भएको थियो।

क्षेत्रीय प्रहरी प्रतिवेदनअनुसार उक्त मुठभेडमा मङ्गोरान्का स्वयं पनि मारिएका छन्। घटनामा उनकी श्रीमती र अन्य तीन महिलासहित समूहका सदस्यहरू संलग्न थिए। झन्डै एक घण्टा चलेको गोलीबारीपछि सुरक्षा बलले स्थिति नियन्त्रणमा लिएको जनाएको छ।

सैन्य स्रोतका अनुसार कारबाहीपछि घटनास्थलबाट एक शिशु जीवित अवस्थामा फेला पारिएको छ। उक्त शिशु कसरी त्यहाँ पुगेको भन्नेबारे थप अनुसन्धान भइरहेको छ। सुरक्षाकर्मीको तर्फबाट भने कुनै हताहत नभएको जनाइएको छ भने घटनास्थलबाट हतियार तथा विस्फोटक सामग्री बरामद गरिएको छ।

फिलिपिन्स सेनाको पहिलो इन्फेन्ट्री डिभिजनले जारी गरेको विवरणमा उक्त समूह यस वर्षको जनवरीमा चार सैनिकको मृत्यु र एक जना घाइते भएको घटनामा संलग्न रहेको आशङ्का गरिएको उल्लेख छ। सैन्य अधिकारीहरूका अनुसार मारिएका लडाकूहरू विगतमा भएका ठूला आक्रमणहरूमा संलग्न सञ्जालकै हिस्सा थिए।

सैन्य कमान्डर मेजर जनरल येगोर बारोकिलोले ती उग्रवादीहरू माराबी सहरमा भएको ऐतिहासिक घेराबन्दी र त्यसपछिका वर्षहरूमा भएका हिंसात्मक गतिविधिसँग सम्बन्धित रहेको बताउनुभयो। सन् २०१७ को मे महिनामा सयौँ स्थानीय तथा विदेशी लडाकूहरूले मिन्डानाओस्थित माराबी सहर कब्जा गरेका थिए, जसलाई इस्लामिक शासनअन्तर्गत ल्याउने उद्देश्य रहेको बताइएको थियो।

उक्त घटनापछि सरकारी फौजले सञ्चालन गरेको पाँच महिनासम्मको कडा सैन्य कारबाहीमा एक हजारभन्दा बढी मानिसको ज्यान गएको थियो। अन्ततः उग्रवादी समूहका प्रमुख नेताहरू मारिएपछि घेराबन्दी अन्त्य भएको थियो।

हालको घटनाले दक्षिण फिलिपिन्समा उग्रवादी गतिविधि पूर्ण रूपमा अन्त्य नभएको सङ्केत दिएको छ।

# नेपाल-कतार सम्बन्ध सुदृढीकरणमा जोड



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालसँग बिहीबार नेपालका लागि कतारका राजदूत मोहम्मद अल अन्सारीले उहाँको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभएको छ।

त्यस अवसरमा उहाँहरूबीच आपसी हितका विविध क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा विचार आदानप्रदान भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

विशेषगरी उहाँहरूबीच श्रम आप्रवासन, जलविद्युत् र कृषिमा साझेदारी, पर्यटन प्रवर्द्धन तथा लगानी विस्तारका विषयमा छलफल भएको थियो।

साथै नेपाल र कतारबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सव मनाउने सम्बन्धमा पनि विभिन्न पक्षमा कुराकानी भएको मन्त्रालयले जनाएको छ। रासस

# मध्यपूर्व युद्धमा टर्कीको कूटनीतिक पहल



रासस/एएफपी । मध्यपूर्वमा जारी युद्ध र त्यसले निम्त्याएको क्षेत्रीय तथा विश्वव्यापी तनावबीच टर्कीले उच्चस्तरीय कूटनीतिक पहल अघि बढाएको छ। पाकिस्तान, साउदी अरेबिया र इजिप्टका विदेशमन्त्रीहरूलाई एकै ठाउँमा ल्याउँदै टर्कीले शुक्रबार अन्टाल्यामा महत्त्वपूर्ण कूटनीतिक फोरम आयोजना गरेको छ। यसलाई युद्धविरामलाई स्थायी बनाउने प्रयासको रूपमा हेरिएको छ।

भूमध्यसागर किनारको पर्यटकीय सहर अन्टाल्यामा सुरु भएको तीनदिने 'अन्टाल्या डिप्लोमेसी फोरम' लाई राष्ट्रपति रेसेप तैयप एर्दोगानले सम्बोधन गर्दै तनाव घटाउने र वार्तालाई निरन्तरता दिने आवश्यकतामा जोड दिनुभयो। उहाँले संसद्मा यसअघि दिएको अभिव्यक्तिलाई दोहोऱ्याउँदै वार्ता बिना समाधान सम्भव नभएको उल्लेख गर्नुभएको थियो।

यस फोरमको साइडलाइनमा टर्की, पाकिस्तान, साउदी अरेबिया र इजिप्टका विदेशमन्त्रीहरूबीच विशेष बैठक हुने तयारी गरिएको छ। यद्यपि बैठकको समय सार्वजनिक गरिएको छैन, तर छलफलको मुख्य केन्द्रविन्दु मध्यपूर्व युद्ध, युद्धविरामको भविष्य र स्ट्रेट अफ होर्मुजमा जारी नाकाबन्दी रहने अपेक्षा गरिएको छ।

यसै सन्दर्भमा पाकिस्तानले क्षेत्रीय कूटनीतिमा आफ्नो सक्रियता बढाएको छ। गत सप्ताहन्तमा उसले इरान र संयुक्त राज्य अमेरिकाबीच दुर्लभ वार्ता आयोजना गरेको थियो, जुन निष्कर्षविहीन भए पनि संवादको ढोका खुला राख्न सफल भएको मानिएको छ। बिहीबार पाकिस्तानी सेना प्रमुखले तेहरानमा वरिष्ठ इरानी वार्ताकारहरूसँग भेटवार्ता गरी वार्ता प्रक्रियालाई अगाडि बढाउने प्रयास गर्नुभएको थियो।

अमेरिकी प्रशासनले पनि इरानसँगको अर्को चरणको वार्ता इस्लामाबादमा हुन सक्ने सङ्केत दिएको छ। यसअघि भएको वार्तामा अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गर्नुभएको थियो।

यसैबीच पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले क्षेत्रीय भ्रमणका क्रममा कतारको दोहामा त्यहाँका शासकसँग भेटघाट गर्नुभएको छ र अन्टाल्या फोरममा सहभागी हुँदै राष्ट्रपति एर्दोगानसँग पनि छलफल गर्ने कार्यक्रम रहेको छ। इस्लामाबादले अमेरिका-इरान वार्ताको दोस्रो चरण चाँडै सुरु गराउन दबाब दिइरहेको छ।

टर्कीले पनि कूटनीतिक प्रयासलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ। रक्षा मन्त्रालयका एक स्रोतका अनुसार अस्थायी युद्धविरामलाई स्थायी बनाउन आवश्यक सबै सहयोग प्रदान गरिनेछ। स्रोतले युद्धको प्रभाव क्षेत्रीय मात्र नभई विश्वव्यापी रूपमा फैलिएको उल्लेख गर्दै छिटो समाधान आवश्यक रहेको बताएको छ।

इजरायलप्रति आलोचनात्मक दृष्टिकोण राख्दै आएको टर्कीले पनि युद्धविराम प्रयासमा सक्रिय भूमिका खेलिरहेको छ। इजिप्ट र पाकिस्तानसँग मिलेर टर्कीले द्वन्द्व रोक्न कूटनीतिक पहललाई अघि बढाएको छ। अन्काराले लेबनानलाई समेत युद्धविराम प्रक्रियामा समावेश गर्नुपर्ने धारणा राख्दै आएको छ, जहाँ इजरायली आक्रमणको प्रभाव देखिएको छ।

विदेशमन्त्री हाकान फिदानले स्ट्रेट अफ होर्मुजलाई सकेसम्म चाँडो पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिनुभयो।

# अठार वर्षपछि सडक स्तरोन्नति गर्न थालियो



म्याग्दी । मार्ग खुलेको १८ वर्षपछि म्याग्दीको बेनी नगरपालिका-५ पुलाचौरमा सडक स्तरोन्नति गरेर पक्की बनाउन थालिएको छ।

बेनी नगरपालिकाले बेनी-पुलाचौर-टोड्के सडक योजनामार्फत विसं २०६५ मा मार्ग खुलेको पुलाचौरको सडकलाई ढलान र कालोपत्र गरेर पक्की बनाउने योजना सञ्चालन गरेको हो।

बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले मार्ग खुलेको १८ वर्षपछि स्तरोन्नति गर्न लागिएको बताउनुभयो।

चालु आर्थिक वर्षका लागि रु एक करोड ७७ लाख ८८ हजार ४७२ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि रिभरएज इञ्जिनियरिङ एण्ड बिल्डर्स प्रालिले गत पुस १२ गते रु एक करोड २२ लाख ५५ हजार २०० मा ठेक्का सम्झौता गरेको थियो।

सडक फराकिलो पार्ने र पर्खाल निर्माण गरिरहेको निर्माण कम्पनीले पुलाचौर क्षेत्रमा ढलान सकेर कालोपत्रका लागि ग्राभेल गरेर तयारी थालेको छ। हालसम्म यसमा करिब ५० प्रतिशत भौतिक प्रगति भएको बताइएको छ।

**बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले मार्ग खुलेको १८ वर्षपछि स्तरोन्नति गर्न लागिएको बताउनुभयो ।**

आगामी जेठ १५ गतेसम्म ठेक्काको म्याद रहेको हुँदा यो योजनामार्फत ५९७ मिटर ढलान र ३०० मिटर दूरीमा प्रिमिक्स प्रविधिको कालोपत्र गरिने बेनी नगरपालिकाका सवइञ्जिनियर मिलन केसीले बताउनुभयो। पाँच सय दुई मिटर दूरीमा नाली र १७४ दशमलव ७४ घनमिटर पलम कङ्क्रिट पर्खाल निर्माण हुने उहाँले बताउनुभयो।

यो सडकको निर्माण सम्पन्न भएपछि स्थानीयवासीका साथै रावणपार्क, पछै, ढोलथान, जगन्नाथ र टोड्केलगायत धार्मिक पर्यटकीयस्थलको दर्शन र पूजाआजाका लागि आउने भक्तजन तथा पर्यटकलाई सुविधा पुग्नेछ । बेनी-पुलाचौर-टोड्के बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा सबैभन्दा बढी बजेट विनियोजन गरेको गौरवको आयोजना हो।

बेनी नगरपालिकाको ६० प्रतिशत र सङ्घीय सरकारको ४० प्रतिशत लागत साझेदारीमा सञ्चालित सडक स्तरोन्नति आयोजना सञ्चालन भएको हो। तीन आवमा क्रमागत योजनाको रुपमा पुरुण्डीदेखि पुलाचौर हुँदै नयाँगाउँ खण्डको सडकलाई पक्की बनाउन लागिएको नगर प्रमुख सुरत केसीले बताउनुभयो।

सडक पक्की भएपछि धुलो र हिलोको समस्या हट्ने, यात्राअवधि छोटिने, झन्झट र कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाबाट मुक्ति मिल्ने स्थानीयवासीको भनाइ छ।

सामान्य मर्मतसम्भार गरेर यातायात सञ्चालन हुँदै आएको यो सडकमा यात्रा गर्न असहज हुँदै आएको थियो।

बेनी नगरपालिकाको ६, ५ र मङ्गला गाउँपालिकाको १ नम्बर वडाका बस्तीहरूलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने यो सडकमा बेनीदेखि बेनी नगरपालिका-६ अर्थुङ्गे-बाँसबोट- एकपाटे- अवेचौर हुँदै पुरुण्डीसम्म छ किलोमिटर ढलान र कालोपत्र गरेर पक्की बनेको छ। रासस

# अन्तर-सरकारी वित्त परिषद् र विषयगत समितिको बैठक सम्पन्न, वित्तीय समन्वय सुदृढ गर्न जोड



काठमाण्डु । नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र तीन तहका सरकारबीच वित्तीय समन्वयलाई सुदृढ बनाउने उद्देश्यका साथ अन्तर-सरकारी वित्त परिषद् र विषयगत समितिको बैठक आज अर्थ मन्त्रालयमा सम्पन्न भएको छ।

नेपालमा वित्तीय हस्तान्तरणको नियममा आधारित प्रणाली संस्थागत भइसकेको भए पनि प्रदेश र स्थानीय तहको कार्यसम्पादन क्षमता तथा स्रोत व्यवस्थापनमा देखिएका व्यावहारिक जटिलताहरूलाई सम्बोधन गर्ने विषयमा बैठक केन्द्रित रहेको अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेको अध्यक्षतामा सम्पन्न बैठकमा सात प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री, परिषद्का पदेन तथा विज्ञ सदस्य, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष, अर्थसचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरलगायत उच्चपदस्थ अधिकारीहरूको सहभागिता रहेको थियो।

बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री वाग्लेले सङ्घीयताको सफल कार्यान्वयनका लागि तीन तहका सरकारबीच सहकार्य र समन्वय अपरिहार्य रहेकामा जोड दिनुभयो । उहाँले प्रदेश सरकारले उठाएका वित्तीय हस्तान्तरण र स्वायत्ततासम्बन्धी मागलाई सङ्घीय सरकारले सकारात्मक रूपमा लिएको स्पष्ट पार्दै तल्लो तहको कमजोर राजस्व क्षमताका कारण अनुदानमा निर्भर रहने प्रवृत्ति बढ्दै गएकाप्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले वित्तीय विचलन अन्त्य गर्दै परिषद्लाई नतिजामुखी बनाउने र वित्तीय हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य तथा न्यायोचित बनाउने प्रतिबद्धता जनाउनुभयो।

बैठकमा सहभागी प्रदेशका अर्थमन्त्रीहरूले वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटमा देखिएका नीतिगत तथा व्यावहारिक समस्या समाधान गर्न परिषद्को भूमिका महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभएको थियो।

बैठकले सेवा प्रवाह र सुशासनलाई केन्द्रमा राख्दै तीन तहका सरकारले नागरिकले प्रत्यक्ष अनुभूति गर्नेगरी काम गर्ने, वित्तीय व्यवस्थापनसम्बन्धी कानुनहरू संशोधन गर्ने प्रक्रिया अघि बढाउने, बजेट अनुशासन कायम गर्ने तथा वित्तीय हस्तान्तरण प्रणालीलाई सुधार गर्दै समानीकरण अनुदान बढाउने र सशर्त अनुदान घटाउँदै लैजाने नीति लिने निर्णय गरेको छ।

त्यसैगरी, विद्युत्, पर्वतारोहण, वन र खानीजस्ता प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीमा स्थानीय तहको हिस्सा बढाउने, राजस्व चुहावट नियन्त्रणका लागि तीनै तहबीच समन्वय गर्ने तथा प्रत्येक तहले आन्तरिक स्रोत परिचालन र चुहावट नियन्त्रणसम्बन्धी कार्ययोजना तयार गर्ने निर्णय गरिएको छ।

साना तथा दोहोरिने योजनामा बजेट विनियोजन गर्ने प्रवृत्ति अन्त्य गर्दै आयोजना छनोटमा न्यूनतम सीमा निर्धारण गर्ने र आयोजना बैंकको अवधारणा अनिवार्य रूपमा कार्यान्वयन गर्ने, साथै एक स्थानीय तहबाट अर्कोमा मालवस्तु ढुवानी गर्दा अनावश्यक कर वा शुल्क नलगाउने व्यवस्था कडाइका साथ लागू गर्ने सहमति भएको छ।

बैठकले चालु खर्च घटाउन मितव्ययिता नीति कडाइका साथ लागू गर्ने, प्रशासनिक संरचना सुधार गर्ने तथा प्रदेश र स्थानीय तहका कर्मचारीको अवकाशपछिको सुविधा व्यवस्थापनका लागि योगदानमा आधारित उपदान कोष लागू गर्ने निर्णय गरेको छ।

कार्यक्रमलाई स्पष्ट रूपमा वर्गीकरण गर्ने, आर्थिक कारोबारमा पारदर्शिता बढाउन विभिन्न वित्तीय सूचना प्रणालीलाई एकीकृत गरी 'रियल टाइम' प्रणाली लागू गर्ने र बेरुजु न्यूनीकरणका लागि समयबद्ध कार्ययोजना बनाउने सहमति भएको छ।

कानुन तर्जुमा गर्दा संविधान र सङ्घीय कानुनसँग नबाझिने गरी समन्वय गर्ने, पर्यटन प्रवर्द्धनका लागि छिमेकी मुलुकका पर्यटक सवारीलाई सहज आवागमनको व्यवस्था मिलाउने, जग्गा प्राप्ति प्रक्रियामा देखिएका जटिलता समाधान गर्न पहल गर्ने तथा वनजन्य र नदीजन्य स्रोतहरूको दिगो उपयोगमा देखिएका नीतिगत अवरोध हटाउने विषयमा पनि बैठकले आवश्यक निर्णय गरेको छ । रासस

# सुनचाँदीको मूल्यमा सामान्य गिरावट

काठमाण्डु । स्थानीय बजारमा आज सुनचाँदीको मूल्यमा सामान्य गिरावट आएको छ। सुन प्रतितोला रु तीन हजार र चाँदी रु १२० ले घटेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९९ हजार ८०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु पाँच हजार १३० कायम भएको छ।

हिजो बिहीबार छापावाल सुनको मोल प्रतितोला रु तीन



लाख दुई हजार ८०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार २५० मा कारोबार भएको थियो।

गत बुधबार छापावाल सुनको मोल प्रतितोला रु तीन लाख दुई हजार ७०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार २२० मा कारोबार भएको थियो।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औंस सुन चार हजार ८२० र त्यति नै परिमाणको चाँदी ७५ अमेरिकी डलरमा कारोबार भइरहेको छ। रासस

# घुम्तीगोठमा बाख्रा पालेर स्वरोजगार र आत्मनिर्भर

म्याग्दी । रोजगारका लागि बहराइनमा पुगेका धवलागिरि गाउँपालिका-३ फलीयागाउँका ३९ वर्षीय भीम भण्डारीलाई स्वास्थ्यले साथ नदिएपछि चार वर्षमै घर फर्कनुपर्‍यो।

तीन छोराछोरी, वृद्ध बुबाआमा, भाइबहिनीहरूको पठनपाठनदेखि घरव्यवहार चलाउने भीम विदेशबाट फर्किंदा निरास भए पनि हिम्मत हार्नुभएन। विदेशबाट फर्किएपछि बेरोजगार बनेका भीमलाई बाख्रापालन गर्ने सोच पलायो । आठ वर्षअघि सुरु गरेको घुम्तीगोठमा बाख्रापालन व्यवसायले उहाँलाई स्वरोजगारका साथै आत्मनिर्भर बनाएको हो।

"विदेशबाट फर्किनुपर्दा घरव्यवहार चलाउने खर्च कसरी जुटाउने भनेर पिरोलिएको थिएँ", उहाँले भन्नुभयो, "घुम्तीगोठमा बाख्रापालन सुरु गरेपछि रोजगारी र घरव्यवहार चलाउनकै लागि पैसा कमाउन विदेश नै जानुपर्दो रहनेछ भन्ने महसुस भयो।"

भीमले बुबा लालबहादुर भण्डारीले पितापुर्खाको पालादेखि नै गर्दै आएको बाख्रापाल्ने पेसालाई व्यवस्थित



गरेर निरन्तरता दिनुभएको हो। पचास वटाबाट सुरु भएको भीमको गोठमा हाल एक सय ५० स्थानीय खरी जातका बाख्रा छन्। उहाँलाई बाख्रापालनमा श्रीमती विपनाले साथ दिनुभएको छ।

वार्षिक १५ देखि २० वटा खसीबोका र त्यति नै सङ्ख्यामा पाठापाथी तथा माउ बाख्रा बिक्री गर्ने भण्डारी दम्पती बाख्रापालनबाट सन्तुष्ट छन् । "गोठमा बाख्राको सङ्ख्या धेरै हुँदा दुई सय वटासम्म पुगेको थियो", विपनाले भन्नुभयो, "अर्काको देशमा गर्ने दुःख आफ्नै ठाउँमा गर्ने हो भने आत्मनिर्भर भइने रहेछ।"

अग्ला र धेरै तौल हुने खरी स्थानीय जातको बाख्रा हो। औसतमा एक बेतमा एकवटा पाठापाठी जन्माउने खरीका खसी दुई वर्ष पालेपछि प्रतिगोटा रु २० हजारमा बिक्री हुने विपनाले बताउनुभयो । धेरै सङ्ख्यामा दानापानी र घाँस पुर्‍याउन नसकिने हुँदा ग्रामीण क्षेत्रका किसानले घुम्तीगोठमा बाख्रापालन गर्छन्।

कात्तिकमा बेँसी झरेका भण्डारी दम्पतीका बाख्रागोठ हिजोआज फलीगाउँको फेदीमा रहेको हुचिनमा छ । चिसो हुने भएकाले हुचिनभन्दा अझ न्यायो र बेँसी सोलवाङमा गोठ राखिएको थियो । वैशाखको अन्तिम साता चरनका लागि बाख्रागोठ ढोरपाटन लैजाने उनीहरूको योजना छ।

जेठ, असार र साउनमा गुर्जाघाट चर्ने बाख्रा भदौ र असोजमा त्यो भन्दा माथिको बुकी अनेरीमा पुग्छन्। किसानले पशुका लागि आवश्यक पर्ने पोषिलो आहारा पाइने चरन क्षेत्रलाई बुकी भन्छन्। त्रिपालको टहरामा रात कटाउने उनीहरूले बाख्राको सुरक्षाका लागि पाँचवटा कुकुर पालेका छन्।

कुकुरले चितुवालगायत जङ्गली जनावरको गतिविधिलाई निगरानी गर्ने, बाख्रालाई बचाउने, भुकेर सूचना दिने र कतिपय अवस्थामा जङ्गली जनावरसँग भिडेर भगाई सहयोग गर्ने विपनाले सुनाउनुभयो । आफ्नै नाममा जग्गा जमिन नहुँदा व्यवसाय दर्ता गर्न नपाएका उनीहरूले बाख्रापालनलाई नै निरन्तरता दिने र जीविकोपार्जनको माध्यम बनाउने बताएका छन्।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अभियानकै रूपमा महामारीजन्य रोग पिपिआरविरुद्धकोखोपरधवलागिरि गाउँपालिकाले प्राविधिक सेवा, त्रिपाल र सौर्य ऊर्जा सहयोग गरेको छ।

महामारीबाहेकको अवस्थामा पनि बाख्राको औषधि उपचार निःशुल्क गर्ने र पशु बीमाका लागि सहजीकरण गरिदिन भण्डारी दम्पतीले राज्यका निकायसँग अनुरोध गरेका छन्। रासस

# विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आज (शुक्रबार) का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४८ रुपैयाँ ८२ पैसा र बिक्रीदर १४९ रुपैयाँ ४२ पैसा तोकिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७५ रुपैयाँ ४० पैसा र बिक्रीदर १७६ रुपैयाँ ११ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर २०१ रुपैयाँ ६० पैसा र बिक्रीदर २०२ रुपैयाँ ४१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८९ रुपैयाँ ९४ पैसा र बिक्रीदर १९० रुपैयाँ ७१ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०६ रुपैयाँ ७३ पैसा र बिक्रीदर १०७ रुपैयाँ १६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ३८ पैसा र बिक्रीदर १०८ रुपैयाँ ८२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११७ रुपैयाँ ०२ पैसा र बिक्रीदर ११७ रुपैयाँ ५० पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ३६ पैसा र बिक्रीदर नौ रुपैयाँ ४० पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ८२ पैसा र बिक्रीदर २१ रुपैयाँ ९१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३९ रुपैयाँ ६७ पैसा र बिक्रीदर ३९ रुपैयाँ ८३ पैसा,



कतारी रियाल एकको खरिददर ४० रुपैयाँ ८२ पैसा र बिक्रीदर ४० रुपैयाँ ९८ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६६ पैसा र बिक्रीदर चार रुपैयाँ ६८ पैसा, युएई दिराम एकको खरिददर ४० रुपैयाँ ५२ पैसा र बिक्रीदर ४० रुपैयाँ ६८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ६४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७९ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ०८ पैसा र बिक्रीदर १० रुपैयाँ १२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ २२ पैसा र बिक्रीदर १६ रुपैयाँ २८ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ४७ पैसा र बिक्रीदर २३ रुपैयाँ ५७ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ०२ पैसा र बिक्रीदर १९ रुपैयाँ ०९ पैसा, कुवेती दिनार एकको खरिददर ४८६ रुपैयाँ ०२ पैसा र बिक्रीदर ४८७ रुपैयाँ ९८ पैसा, बहराइन दिनार एकको खरिददर ३९४ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३९६ रुपैयाँ १३ पैसा, ओमनी रियाल एकको खरिददर ३८६ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३८८ रुपैयाँ १० पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ। रासस

## कोरियाबाट फर्किएका कामदारको पुनःएकीकरणमा सघाउन २५ लाख डलर सहयोग

काठमाण्डु । कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका)ले दक्षिण कोरियाबाट फर्किएका नेपाली आप्रवासी कामदारको पुनःएकीकरणमा सघाउन २५ लाख अमेरिकी डलर बराबरको वित्तीय सहायता उपलब्ध गराउने भएको छ।

कोइकाले आज जारी गरेको विज्ञप्तिअनुसार कोरियबाट स्वदेश फर्किएका आप्रवासीको पुनःएकीकरणका लागि चरणगत सहयोग प्रणाली सुदृढीकरण परियोजना कार्यान्वयन गर्न उक्त रकम प्रदान गरिएको हो।

कोरियाबाट फर्किएकाहरूलाई वित्तीय समस्या हुन नदिन तथा उनीहरूलाई उद्यममा व्यस्त राख्न कोरियामा आर्जन गरेको सीप र अनुभवलाई उपयोग गरी स्थानीय आर्थिक विकासमा टेवा पुर्‍याउनु परियोजनाको लक्ष्य हो। रासस

# स्थानीय तहलाई उन्नत बीउ उत्पादनमा अनुदान लिन आह्वान

काठमाण्डु । कृषि विभागले उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन स्थानीय तहलाई आह्वान गरेको छ। विभागले स्थानीय तहले उन्नत बीउ माग तथा बीउ उत्पादकले आपूर्तिको अवस्था तथा विवरण पठाउन यही वैशाख १० गतेसम्म समयसिमा तोकेको हो।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले स्थानीय तहमार्फत उत्पादन हुने उन्नत बीउबिजनको प्रयोगमा मूल्य अनुदानमा सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहलाई आग्रह गर्नुभयो।



कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले विभागद्वारा उन्नत बीउबिजन उत्पादनमा प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराइँदै आएको छ । अनुमति प्राप्त स्रोत बीउ उत्पादकका हकमा मोटो/मध्यम प्रकृतिका जातका लागि प्रतिकेजी रु २०, मसिनो प्रकृतिका जातका लागि प्रतिकेजी रु २३ र खुमल शृङ्खलाका जातका हकमा प्रतिकेजी रु ३४ अनुदान रकम उपलब्ध गराउने विभागले जनाएको छ।

महानिर्देशक सञ्जेलका अनुसार उन्नत बीउ उत्पादकका हकमा मोटो/मध्यम प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु १७, मसिनो प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु २२ र खुमल शृङ्खलाका जातहरूका हकमा प्रतिकेजी रु ३० अनुदान रकम उपलब्ध गराइने छ।

उन्नत बीउ प्रयोगमा किसानलाई अनुदानका हकमा सबै जातका धानमा कार्यविधिबमोजिम तोकिएको मूल्यको ५० प्रतिशत अनुदान उपलब्ध गराउने विभागले जनाएको छ। रासस

# छ सय विद्यार्थीको निःशुल्क स्वास्थ्य बीमा

वालिङ । भिरकोट नगरपालिका-८ नम्बर वडा कार्यालयले यहाँका ११ सामुदायिक विद्यालयमा अध्ययनरत ६०० जना विद्यार्थीको स्वास्थ्य बिमा गर्न थालेको छ।

यही वैशाख १ गतेदेखि वडाले बालमैत्री शीर्षकअन्तर्गत बाल कक्षादेखि १० कक्षासम्म अध्ययनरत विद्यार्थीलाई रु एक लाखसम्मको निःशुल्क स्वास्थ्य बिमा गर्न सुरु गरेको हो।

वडाध्यक्ष नन्दलाल खनालका अनुसार वडाका सामुदायिक विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई वडाले जन्मदर्ताका आधारमा हरेक विद्यार्थीको रु एक लाख बराबरको स्वास्थ्य बिमा गर्न प्रारम्भ गरेको हो। उहाँले भन्नुभयो, "८ नं वडा भएको भिरकोट नगरपालिकाभित्रका जुनसुकै सामुदायिक वा संस्थागत विद्यालयमा अध्ययन गरे तापनि वडाले निशुल्क स्वास्थ्य बिमा गरिदिने भएको हो।"

स्वास्थ्य बिमा लागू भएका अस्पतालबाट बिमाअनुसार नै उपचार हुने र अन्य अस्पतालहरूमा उपचारको रसिदका आधारमा भुक्तानी हुने उहाँले जानकारी दिनुभयो।

यो वडाले जन्मदर्ता प्रोत्साहन गर्न बच्चा जन्मेपछि खाता खोलेर रु पाँच हजार जम्मा गरिदिँदै आएको छ। रासस

# मारवाडी सेवा समितिको अध्यक्षमा चौधरी

टुडे समाचारदाता

जनकपुरधाम । मारवाही सेवा समिति जनकपुरधामको अध्यक्षमा प्रमोद कुमार चौधरी भारी मतान्तरले विजयी भएको छ । शुक्रवार समितिको सम्पन्न निर्वाचनमा चौधरीले १४१ मतले विजयी भएका हुन् । उनका निकटम प्रतिद्वन्दी पवनकुमार केजरीवालल ९६ मात्र प्राप्त गरेका छन् ।

यस्तै उपाध्यक्षमा मनोज कुमार रुंगटा (अग्रवाल) २११ मतसहित निर्वाचित भएका छन् भने अन्य प्रतिस्पर्धीहरू सन्दीप कुमार अग्रवालले १०५ र अभिनय कुमार मुरारकाले १४२ मत प्राप्त गरेका छन् ।

महासचिव पदमा जय प्रकाश जालान १०१ मतसहित विजयी बनेका छन् भने डा. अनिल कुमार अग्रवालले १२९ मत प्राप्त गरेका छन् । सचिव पदमा विशाल कुमार




चौधरी १४४ मतसहित निर्वाचित भएका छन् भने अन्य उम्मेदवारहरू राज कुमार शर्मा (राजु बाबा) ले ८० र विजय कुमार अग्रवाल (केशान) ले ५ मत प्राप्त गरेका छन् ।

कोषाध्यक्ष पदमा समीर मुरारका १२३ मतसहित विजयी भएका छन् भने गोविन्द प्रसाद सिकरिया १११ मतसहित पराजित भएका छन् ।

यस्तै कार्यकारी सदस्यहरुमा विनोद कुमार सर्राफ, सुशिल कुमार मुरारका, कमलचन्द्र जैन, राजेशकुमार सर्राफ, आशिष कुमार सर्राफ (निक्की), प्रभात कुमार अग्रवाल (पिन्टु) र श्याम मुरारका विजयी भएका छन् ।

निर्वाचनको सम्पूर्ण प्रक्रिया प्रमुख निर्वाचन अधिकृत विश्वम्भर प्रसाद सुरेका नेतृत्वमा सम्पन्न भएको जनाइएको छ । निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न भएको जनाइएको छ ।

# स्वकीय सचिवको ९ महिनाको तलब बांकी

टुडे समाचारदाता

जनकपुरधाम । संघीय सरकारले आफ्नै निर्णय उल्टाउँदै राज्यको व्ययभार बढने गरी पुनः स्वकीय सचिव राखेका छन् । यसअघि सुशिला कार्की नेतृत्वको अन्तरिम सरकारले संघ र प्रदेश दुवैका सांसद तथा मन्त्रीहरुसहित राजनीतिक प्रतिनिधिका स्वकीय सचिवको सुविधा खारेज गरेको थियो ।

तत्कालिन प्रधानमन्त्री कार्की सरकारको सो निर्णयले संघ सँगै देशका ७ वटै प्रदेशले सांसद तथा मन्त्रीहरु सहित राजनीतिक प्रतिनिधिहरुको सुविधा खारेज गरेको थियो । सो निर्णय अनुसार मधेश प्रदेशका स्वकीय सचिवहरुको तलब समेत दुई महिना बढीको समेत आजसम्म रोकेर राखिएको छ ।

पछि निकै अलोचनापछि प्रधानमन्त्रीसँग कात्तिक १८ गते बसेको बैठकमा प्रदेशका मुख्यमन्त्रीहरुले बजेट रोक्का र स्वकीय सचिवको तलब भुक्तानी सो निर्णयले गर्न नसक्दा काम गर्न निकै समस्या भइरहेको कुरा राखेपछि प्रदेशको कानून बमोजिम काम कारवाही गर्ने भनी निर्णय गरिएको थियो ।

त्यसता कोशी प्रदेशले प्रदेश मन्त्री, सांसद र राजनीतिक प्रतिनिधिहरुको स्वकीय सचिवको बक्यौता तलब भत्ता दिइसकेका छन् । तर मधेश प्रदेश सरकारले आजसम्म दिएको छैन । बालेन्द्र शाह 'बालेन' नेतृत्वको सरकारले कार्की नेतृत्वको सरकारको निर्णयको




बेवास्ता गर्दै पुनः स्वकीय सचिव राखेका छन् । तर मधेश प्रदेशस्थित स्वकीय सचिवहरुले बक्यौता तलब समेत पाउन सकेको छैन ।

मधेश प्रदेश सभाका सचिव बासुप्रसाद कोइरालाले स्वकीय सचिवहरुको तलब भुक्तानीको सबै प्रक्रिया पूरा गरेर राखेका छौं । तर प्रदेश सरकारले भुक्तानी आदेश नदिएको कारण अहिलेसम्म रोकिएर राखिएको बताएका छन् । उनले भने जुन प्रदेश सरकारले भुक्तानी आदेश पत्राचार गरिदिए हामी त्यही दिन तलब निकासा गरिदिन्छौं ।

कात्तिक १८ गतेपछि एमालेका सरोज यादवको नेतृत्वमा बनेको सरकार समेत प्रयास गरेको थियो । तर छोटो अवधिमै सरकार ढलेपछि प्रक्रिया अघि बढाउन सकिएन । त्यसपछि कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा बनेको सरकारले खासै पहल गरेको देखिदैन ।

मुख्यमन्त्री यादव भन्छन् 'केन्द्रको निर्णयले स्वकीय सचिवहरुको तलब रोकिएको हो । केन्द्रको निर्णय आएपछि हामी पनि भुक्तानी गरिदिनेछौ ।

संघीय सरकारले स्वकीय सचिव राख्न थाल्यो । मधेश प्रदेश अहिलेसम्म नयाँ राख्न त कुरै छाडौ, अहिलेसम्म बक्यौता तलब दिन सकेको छैन कहिलेसम्म भुक्तानी गर्ने हो भन्ने जिज्ञासामा उनले भने 'त्यो बेला प्रधानमन्त्री कार्कीको निर्णयले रोकिएको थियो, स्वकीय सचिवहरुलाई हटाइएको छैन, सबैले काम गरिरहेका नै छन् । रहयो तलब भुक्तानीको कुरा केन्द्रीय सरकारले भुक्तानी गरेपछि हामी पनि भुक्तानी गरिदिन्छौं ।'

प्रदेशको आफ्नै कानून भएपनि केन्द्रीय सरकारको मुख ताक्नुको औचित्य के भन्ने प्रसंगमा उनले केही जवाफ नदिई प्रदेश केन्द्रभन्दा माथि नभएकाले उनको निर्णय मान्नैपर्ने बाध्यता रहेको भनी पन्छिए ।

मुख्यमन्त्री यादवको भनाईले स्वकीय सचिवहरुको तलब दुई महिना होइन अब ९ महिनाको बक्यौता हुन गएको छ । उनीहरुले ९ महिनाको तलब कहिले पाउने हो त्यसको टुँगो छैन ।

नाम उल्लेख नगर्ने शर्तमा एक प्रदेश सांसदले भने यो प्रदेश सरकार आफ्नो नीति कानूनले चल्ने हो कि केन्द्र सरकारको निर्देशनमा यदि त्यस्तो हो भन्ने देशमा संघीयता के अर्थ । स्वकीय सचिवहरुको तलब दिने हो भने कार्की सरकारले समेत प्रदेशको कानून बमोजिम गर्ने भनिसकेको अवस्थामा मुख्यमन्त्रीज्यूले केन्द्रको बहाना देखाएर तलब दिन नसक्ने मानसिकतामा रहेको छ ।

संघीय संसद सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयअनुसार प्रत्येक सांसदलाई एक-एक स्वकीय सचिव दिने प्रक्रिया अघि बढाइसकेको छ । तर मधेश प्रदेशमा स्वकीय सचिव राख्ने वा नराख्ने बारे कुनै औपचारिक निर्णय गरेको छैन । मुख्यमन्त्री यादवले हामी हटाएका छैनौ सबै फंक्सनमै रहेको बताउंछन् ।

असोज ५ गतेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसद तथा अन्य राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गरेको थियो । तर, फेरि उक्त सुविधा पाउने गरी प्रक्रिया अगाडि बढ्दा संसद सञ्चालनको आर्थिक भार बढ्ने भनी आलोचना सामाजिक सञ्जालमा हुन थालेको छ ।

# बेटी-रोटीको सम्बन्धमाथि छेकबार

ब्लग :



श्यामसुन्दर शशि

चैत ११ गते शपथ ग्रहण गरेको बालेन्द्र सरकार सत्तामा आएको एक महिना पनि बितेको छैन । यस सानो अवधिमा सरकारले २०६३ यताका सरकारी तथा राजनीतिक उच्चपदस्थ अधिकारीहरुको सम्पत्ति छानबिन आयोग गठन, राहदानी, राष्ट्रिय परिचयपत्र, चालक अनुमतिपत्र छपाइ र वितरणमा तीव्रता, एक महिनाभित्र एसईइको परिक्षाफल आदि कामले सरकारको प्रशंसा भएको छ । आमनागरिकमा 'अब केही होला कि ?' भने आश जागेको छ, तर निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई नियन्त्रणमा लिनु र मुद्दासमेत नचलाएर रिहा गर्नु, जेन-जी आन्दोलन (भदौ २३ र २४ गते) ताकाका काठमाण्डुका प्रमुख जिल्ला अधिकारीलाई अदालत पुग्नु अघि नै रिहा गरिनु जस्ता कामकाजलाई सरकारको 'आलो काँचो निर्णय' भनेर विद्वतवर्गमा आलोचना पनि भएका छन् ।

पछिल्लो पटक भारतबाट १ सय रुपियाँभन्दा बढीको माल सामान ल्याउँदा भन्सार तिर्नु पर्ने नियमलाई कार्यान्वयनमा ल्याएको चर्चाले मधेश र मधेशीलाई तरंगित बनाएको छ । यद्यपि भारतबाट १ सय भन्दा बढी मूल्यको सामान ल्याउँदा भन्सार तिर्नु पर्ने प्रावधान केपी शर्मा ओली नेतृत्वको सरकारले २०८२ साल जेठ १५ गते नै ल्याएको थियो । तर त्यतिबेला विभिन्न संघ संस्था तथा राजनीतिक दलहरुको विरोधको कारण कार्यान्वयन भने हुन सकेको थिएन । अचेल बालेन्द्र साह नेतृत्वको सरकार यस पुरानै प्रावधानलाई कडाइका साथ लागू गरेको छ । परिणामतः सीमावर्ती सिंगै मधेश उकुसमुकुसमा छ ।

अर्थ मन्त्रालयद्वारा २०८२ जेठ १५ मा प्रकाशित परिमार्जित 'यात्रु भन्सार सुविधा' सम्बन्धी नियम अनुसार सीमावर्ती भारतीय बजारबाट किनिएको वस्तु नेपाल ल्याउँदा तोकिएको सीमा नाघेपछि भन्सार घोषणा अनिवार्य गरिएको थियो । नेपाली नागरिकहरु भारतीय बजारमा गएर अत्यधिक किनमेल गरेका कारण नेपाली बाजार सुक्दै गएको गुनासो बढ्दै गएपछि तत्कालीन सरकारले यस्तो कडाइ गरेको थियो ।

नेपाली बाजार फस्टाउनु पर्दछ । नेपाली व्यावसायी जोगिनु पर्दछ । नेपाल सरकार पर्याप्त राजश्व संकलन गर्न पाउँनु पर्दछ । यसमा दुई मत हुनै सक्दैन । तर भारतमा चामलको मूल्य प्रतिकिलो १० रुपियाँसम्म सस्तो छ । खानेतेल प्रतिलिटर ५० रुपियाँसम्म सस्तो छ । चिनी, चियापति, लत्ता कपडा, मसला सबै सस्ता छन् । यसरी खुल्ला सीमा भएको नेपाल र भारत जस्ता देशमा दुबै देशको बाजार मूल्यमा यतिविधि फरक हुँदा चोरी पैठारी वा निकासीलाई कुनै पनि सरकारले रोक्न सक्दैन । यो अर्थशास्त्रको सिद्धान्त हो । यसका लागि नेपाल सरकारले भन्सार महसुल घटाउनु पर्दछ । चोरी पैठारीमाथि पूर्णतः रोक लगाउनु पर्दछ ।

भारतबाट निजी प्रयोजनका लागि भन्सार छलेर ल्याइने भारतीय सामानभन्दा सयौं गुणा अधिक सामान चोरी पैठारी भएर आउने गरेको छ । सीमावारी ट्रकमा सामान आउँछ । दुबै देशका भरिया नेपाली नाकामा उभिरहेका ट्रक, मिनी ट्रक, ट्रेक्टर, मोटर सायकल, सायकल जस्ता साधनमालोड गरेर नेपाल भित्र्याउँछन् । जनकपुरधामका एक थोक बिक्रेताका अनुसार, यसरी चोरी पैठारी भइ नेपाल छिरेका डायपर, हगिज्, लत्ता कपडा तथा विभिन्न मेसिनका पार्टपूर्जाहरु सिन्धुली, रामेछाप, काभ्रे र काठमाण्डुसम्म पुग्न थालेका छन् ।

हामी सबैलाई थाहा छ- भारतबाट मालसामान ल्याउँदा तस्करको पहिलो भेंट भारतीय सीमामा तैनाथ एसएसबीसंग हुन्छ । नेपाल छिरेपछि पहिले सशस्त्र प्रहरीसंग अनि जनपथ प्रहरीसंग हुन्छ । नेपाली सीमामा तैनाथ सशस्त्र र जनपथसंगै बाटामा पर्ने प्रहरी चौकीसंग पनि सहकार्य गर्नै पर्ने हुन्छ । भन्नुको अर्थ, तस्करी आपसी मिलेमतोमा हुन्छ । भारतको एसएसबी र नेपालको सशस्त्र र जनपथप्रहरीको सहयोग बिना तस्करी सम्भव छ ??

सीमामा एक सय रुपियाँको सिलिंगलगाउने केपी शर्मा ओली नेतृत्वको सरकार होस् कि यस निर्णयलाई कार्यान्वयन गर्ने मधेशी मूलका भनिएका बालेन्द्र साह नेतृत्वको सरकार । नेपाल सरकार सीमावर्ती गाउँ-ठाउँ, यहाँका परिवेश, रामायणकालदेखि चल्दै आएको रोटी-बेटीको सम्बन्धको अन्तरंग बुझ्न सकेको छैन । एक देशकी बेटी अर्को देशकी बुहारी छिन् । भारतमा बस्ने दाजू राखी बाँध्ने प्रयोजनका लागि बहिनी भेट्न नेपाल आउँछन् । नेपालका दाजु भाई भारत जान्छन् । बहिनी र भान्जा भान्जीका लागि लत्ता कपडा ल्याउने कि नल्याउने ? मिष्ठान् ल्याउने कि नल्याउने ? बहिनीको सासु ससुराको मृत्यु हुँदा क्रियामा बसेका दिदी भिनाजु ससुरालीकै कपडा लगाएर दुर्वाक्षत लिन्छन् । आमा,



बुबाको श्राद्ध दिदी बहिनीले गर्ने चलन छ । १ सय रुपियामा राखी, श्राद्ध, विवाह जस्ता पारिवारिक अनुष्ठान सम्भव छ ?

बालेन्द्र सरकारले सीमानाकामा एक सय रुपियाँको सिलिंग लगाएपछि मधेश अभियानी रमण पाण्डे आफ्नो फेसबुक वालमा लेख्नु भएको छ- 'सिर्फ १ सय रुपये की कस्टम छूट कि नइ वेतुकी नीति जैसे अनावश्यक प्रयोग कहीं १८१६ और १८६० की नेपाल-ब्रिटिश संधियों की कडवी यादेँ ताजा न कर दें- यस चिंतावास्तविक है ।'

पाण्डे अगाडि लेख्नु भएको छ- 'कस्टम पर सर्वसाधारण के लिए सौ रुपये की नाकेबन्दी परन्तु सेटिंग निरन्तर जारी । आर पार की हिस्सेदारी । जोडो पर कायमही है, रात रात में ।।'

नेपाल- भारतको सम्बन्ध काठमाण्डु र दिल्ली मात्रको सम्बन्ध होइन । दुई देशका आमनागरिकको सम्बन्ध हो । त्यसैले रोटी-बेटीको सम्बन्धलाई छेकवार गर्नु प्रति उत्पादक हुने छ ।

# बजेट अभावले विश्वविद्यालयको निर्माण कार्य सुस्त



टुडे समाचारदाता

राजविराज । मधेश प्रदेशको गौरवको आयोजना भनिएको मधेश कृषि विश्वविद्यालयको भवन निर्माण कार्यको प्रदेश सभामुख रामआशिष यादव र सांसद अनिरुद्ध साह अवलोकन निरीक्षण गरेका छन् ।

बजेट आभावले निर्माण कार्य सुस्त गतिमा गइरहेको भन्ने वस्तुस्थिति बारे विश्वविद्यालयका पदाधिकारीहुले सभामुख यादवलाई जानकारी गराएका थिए । पदाधिकारीहरुको गुनासो सुन्दै प्रदेश सरकारलाई भवन निर्माणको वस्तुस्थिति बारे जानकारी गराउँदै आवश्यक बजेट तत्काल उपलब्ध गराउन आग्रह गर्ने प्रतिबद्धता जनाएका थिए ।

राजविराजबाट सात किलोमिटरको दुरीमा रहेको कृषिनगरको साढे छब्बीस बिघा विश्वविद्यालयकै जग्गामा १२ वटा भवन निर्माण भइरहेको छ । ती मध्ये पाँच वटा भवनको जगको कार्य सम्पन्न भई केही भवनको २ तलासम्म ढलानसमेत भइसकेको छ । तर अहिले बजेटको अभावमा भवन निर्माण कार्य अगाडि सुस्त गतिमा बढिरहेको विश्वविद्यालयका रजिष्ट्रार भगवान ठाकुरले जानकारी दिएका छन् ।

रजिष्ट्रार ठाकुरले भने शुरुको वर्षमा ३० करोड बजेट छुटयाएकोमा विभिन्न करहरु कट्टा गरी साढे २७ करोड विनियोजन गरियो । गत वर्ष प्रदेश सरकारले बजेट नै दिएनन् । चालु आ.व.मा तत्कालिन मुख्यमन्त्री सतिश सिंहले ४० करोड बजेट दिने भनेको थियो । तर ४ करोड रुपैया मात्र बजेट छुट्याइयो । तर त्यसमा पनि केही रकम अहिलेसम्म विनियोजन गरिएको छैन । भुक्तानी नपाउंदा ठेकेदारले काम नै सुस्त गतिमा गरिरहेका छन् ।

यसअघि शिक्षा मन्त्री रानीशर्मा तिवारीले निरिक्षण गर्दा निर्माण व्यवसायी कम्पनीले आफूले गरेको कामको रकम नपाउँदा थप काम प्रभावित भएको उनी समक्ष गुनासो गरेका थिए । भवन निर्माणका लागि १५० भन्दा बढी मजदुर लगाएर काम गराउँदै आएकोमा रकम आभावले २० जनासम्म खटाउन मुस्किल भइरहेको भनी निर्माण कम्पनीले गुनासो गरेको थियो ।

निर्माण व्यवसायीले दुई वटा किस्ता पाएको छैन । यो विश्वविद्यालयका लागि यस वर्ष प्रदेश सरकारबाट जम्मा १० लाख रुपैयाँ मात्र बजेट विनियोजन भएको छ । तीन वर्षका लागि ठेक्का लागेको भवन निर्माण सम्पन्न हुन मुश्किलले एक वर्ष बांकी रहेको छ । तर काम चाहि करीब ३५ प्रतिशत मात्र भएको छ ।

मधेश कृषि विश्वविद्यालयले ७ माघ ०८० मा ८५ करोड ५० लाख २७ हजार ८७३ रुपैयाँ (मूल्यअभिवृद्धि करबाहेक) मा ओम साईराम कन्स्ट्रक्सनसँग एउटा भवन निर्माणको ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ९ माघ ०८३ सम्म निर्माण सम्पन्न गर्नुपर्नेछ तर, भुक्तानी नपाएपछि निर्माण कम्पनीले काम सुस्त गतिमा गरिरहेको छ ।

# स्थानीय सेवा ऐनको पुनर्लेखन गरिँदै

टुडे समाचारदाता

जनकपुरधाम । एक वर्षअघि मात्रै प्रदेश सभाबाट पारित गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ त्रुटिपूर्ण रहेको भनी मधेश प्रदेश सरकारले पुनर्लेखन गर्ने तयारी थालेको छ ।

ऐन कार्यान्वयनमा आएको छोटो अवधिमै गम्भीर त्रुटिहरू देखिएपछि सरकार संशोधन नभई सीधै पुनर्लेखनमा प्रदेश सरकार जुटेको छ । प्रदेश सरकारले प्रारम्भमा केही सीमित दफामा मात्र त्रुटि रहेको निष्कर्ष निकाल्दै संशोधन प्रक्रिया अघि बढाएको थियो ।

तर, विस्तृत अध्ययनका क्रममा ऐनका विभिन्न प्रावधानहरूमा संरचनागत कमजोरी र अपूर्णता भेटिएपछि पुनर्लेखनको आवश्यकता औंल्याइएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्तर प्रदेश सरुवा, स्वास्थ्य सेवातर्फका कर्मचारीको बढुवा लगायतका विषयमा देखिएका समस्या समाधानका लागि प्रारम्भिक ड्राफ्ट तयार गरी मुख्यन्यायाधिवक्ताको कार्यालयमा पठाएको थियो । तर, त्यसपछि गरिएको कानुनी अध्ययनले ऐनका धेरै आधारभूत पक्ष नै कमजोर रहेको देखाएको छ ।

मुख्यन्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहका अनुसार अध्ययनका क्रममा ऐनमा अपेक्षित धेरै विषय समेटिन नसकेको पाइएको छ । उनले भने,




'सुरुमा केही दफामा मात्र त्रुटि देखिएको थियो । तर, विस्तृत अध्ययनपछि ऐनमा व्यापक कमजोरी देखियो । केही महत्त्वपूर्ण विषय नै छुटेका छन् । त्यसैले पटक पटक संशोधन गर्नु भन्दा पुनर्लेखन गर्नु उपयुक्त हुने निष्कर्षमा पुगेका हौं ।'

विशेषगरी सामाजिक परिचालिका सम्बन्धी व्यवस्था ऐनमा स्पष्ट रूपमा समावेश नभएको, कर्मचारी व्यवस्थापनमा अस्पष्टता रहेको तथा अन्तर प्रदेश सरुवा बढुवामा विवाद सिर्जना हुने खालका प्रावधानहरू रहेको उनको भनाई छ ।

ऐन कार्यान्वयनमा आएपछि नै विभिन्न समस्या सतहमा देखिन थालेका थिए । अन्तर प्रदेश सरुवा र बढुवाको विषयलाई लिएर कर्मचारीहरू एक वर्षअघि आन्दोलनमा उत्रिएका थिए । तत्कालीन सरकारले समस्या समाधान गर्ने आश्वासन दिएर आन्दोलन थामथुम पारिएको थियो । तर, समस्या दीर्घकालीन रूपमा समाधान हुन नसकेको देखिएको छ ।

स्थानीय तहमा कर्मचारी व्यवस्थापन, पदपूर्ति, सेवा सर्त तथा पदोन्नति प्रक्रियामा अन्योल बढेपछि प्रशासनिक कामकाजसमेत प्रभावित भएको बताइन्छ । मुख्यमन्त्री कार्यालयका प्रवक्ता रोहित कोइरालाका अनुसार ऐन पुनर्लेखनको ड्राफ्ट तयार भइसकेको छ । अब उक्त प्रस्ताव मन्त्रिपरिषद्मा छलफलपछि प्रदेश सभामा पेश गरिने तयारी भइरहेको छ ।

उनका अनुसार कानुन निर्माण प्रक्रिया बहुपक्षीय छलफल र गहिरो विश्लेषणमा आधारित हुनुपर्छ । 'पहिलो चरणमा मस्यौदा तयार गर्दा नै विभिन्न पक्षबाट विश्लेषण हुनुपर्छ । त्यसपछि सरोकारवालासँग संवाद, सरकार र सदनमा गहिरो बहस भएपछि मात्र ऐन परिपक्व हुन्छ,' उनले भने ।

एक वर्षको छोटो अवधिमै ऐन पुनर्लेखन गर्नुपर्ने अवस्था आउनु सरकार र प्रदेश सभाको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठाउने विषय बनेको छ । कानुन निर्माणजस्तो संवेदनशील विषयमा हतारो, कमजोर तयारी र अपर्याप्त बहसले प्रशासनिक संरचनामा दीर्घकालीन असर पार्न सक्ने विश्लेषकहरूको भनाइ छ ।

# बेपता व्यक्ति मृत भेटिए

टुडे समाचारदाता

जनकपुरधाम । गत दुई दिनदेखि बेपता रहेका एक व्यक्ति धनुषाको बटेश्वर गाउँपालिका-४ स्थित बाँसघारीमा मृत अवस्थामा फेला परेको छ ।

मृतक सोही वडाका करिब ६० वर्षीय जगतबहादुर थापा रहेको प्रहरीले जनाएको छ । स्थानीय जगदीश रविदासको बाँसघारीमा शुक्रबार बिहान करिब ९ बजे उनको शव फेला परेको हो ।

परिवारका अनुसार थापा बुधबार साँझदेखि नै घरबाट बेपत्ता भएका थिए । उनका छोरा अमित थापाले बुबाले हराउनु अघि मादक पदार्थ सेवन गरेको बताए । घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरबाट खटिएको टोली घटनास्थल पुगेर अनुसन्धान थालेको छ ।

प्रहरी निरीक्षक राजाराम यादवका अनुसार प्रारम्भिक अनुसन्धानबाट अत्यधिक मादक पदार्थ सेवनका कारण मृत्यु भएको हुन सक्ने आशंका गरिएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ ।

# तराईमा गर्मीसँगै केही स्थानमा वर्षा र हिमपात

टुडे समाचारदाता

जनकपुरधाम । हाल पश्चिमी तथा स्थानीय वायुको आंशिक प्रभावका कारण देशका अधिकांश भागमा आंशिक बदली भएको छ ।

हिमाली भागमा साधारणतया बदली, पहाडी क्षेत्रमा आंशिक बदली तथा तराईमा मुख्यतया सफा मौसम रहेको छ । कोशी प्रदेशका पहाडी भेगका एकदुई स्थानमा हल्का वर्षा तथा हिमपात भइरहेको छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका केही, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भागका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा वा हिमपातको सम्भावना छ ।

त्यसैगरी, शुक्रबार राति देशका हिमाली भागका साथै कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी क्षेत्रमा साधारणतया बदली रहनेछ भने कोशी प्रदेशका तराईसहित अन्य प्रदेशका पहाडी भागमा आंशिक बदली हुनेछ ।

देशका अधिकांश स्थानमा तापक्रम बढ्दो क्रममा रहेको, अन्य प्रदेशका तराई भेगको तुलनामा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईसहित केही स्थानमा गर्मी हुने सम्भावना छ ।

कला जोगाऔं, संस्कृति बचाऔं ।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरुलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरुमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- साँस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८